# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ९४ | काठमाडौं | बिहीबार, १० साउन २०८१ | Prabhab National Daily | Thursday, July 25, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**डेंगीबाट बचौं र बचाऔं**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सौर्य एयरलाइन्सको जहाज दुर्घटना

# उडेको १० सेकेन्डमै दुर्घटना, १८ जनाको मृत्यु

- प्राविधिक परीक्षणका लागि काठमाडौंबाट पोखराका लागि उडेको जहाज त्रिभुवन विमानस्थलमै दुर्घटना
- जहाज रनवेबाट 'टेकअफ' लिएको १० सेकेण्डभित्रै दुर्घटना
- दुर्घटनामा मृत्यु भएका सबै सौर्य एयरलाइन्सका कर्मचारी
- एकै परिवारका तीन जनाको गयो ज्यान
- सकुशल उद्धार गरिएका क्याप्टेन मनिषरत्न शाक्यको केएमसी अस्पतालमा उपचार हुँदै
- १८ वटै शवको शिक्षण अस्पताल महाराजगञ्जमा पोस्टमार्टम गरिँदै
- घटनाको छानबिन गर्न सरकारले बनायो समिति



तस्बिर: रासस

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्राविधिक परीक्षणपछि 'उडाउन ठीक छ' भनेर प्राविधिकहरूसमेत चढेको सौर्य एयरलाइन्सको जहाज बुधबार त्रिभुवन विमानस्थलपरिसरमै दुर्घटना हुँदा १८ जनाको ज्यान गएको छ। क्याप्टेन मनिषरत्न शाक्यलाई भने घाइते अवस्थामा सकुशल उद्धार गरिएको छ। आगोले जलेका अन्यलाई भने जीवित उद्धार गर्न सकिएन ।

दुर्घटना बिहान ११:११ बजे भएको थियो । सिआरजे-२००, ९ एन एएमई जहाज ०२ रनवेबाट 'टेक अफ' लिनेबित्तिकै दायाँतिर मोडिएर 'रचन वे' पूर्वतर्फको खाल्डोमा खसेको थियो । विमानस्थलका अधिकारीहरूका अनुसार जहाज उडेको १० सेकेण्डभित्रै दुर्घटनामा परेको हो । जहाज प्राविधिक परीक्षण (सि-चेक)का लागि पोखरा जाँदै थियो । 'जहाजमा कुनै खराबी आएर नभई निश्चित घण्टा उडेपछि नियमित तालिका अनुसार गर्नुपर्ने प्राविधिक परीक्षणका लागि पोखरा आउन लागेको थियो,' पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता जसोदा सुवेदीले भने । पोखरामा रहेको सुविधा सम्पन्न हयांगरमा राखेर जहाज परीक्षण गर्न एयरलायन्सका कर्मचारी र प्राविधिकहरू जहाजमा सवार थिए ।

'म ग्यारेजमा काम गर्दै थिएँ । ठूलो आवाज आयो । बस पो आपसमा ठोक्किए कि भनेर हेरेको त प्लेन पो खसेछ । एकैछिनमा ठूलो धुवाँको मुस्लो देखियो । म आत्तिएँ,' दुर्घटनास्थल नजिकै एउटा ग्यारेजमा कार्यरत धादिङका कुमार श्रेष्ठले प्रभावसँग भने ।

उनले घटना घटेको १० मिनेटपछि मात्रै उद्धारका लागि प्रहरी आइपुगेको बताए। दमकल चालकले पनि विमानस्थलको छेउदेखि तल खाल्डोमा दुर्घटनाग्रस्त जहाजमा पानी हालेको र पानी खासै जहाजमा नपरेको प्रत्यक्षदर्शी श्रेष्ठले बताए। यदि, छिटो उद्धार भएको भए केही बाँच्थे कि भन्ने उनलाई लागेको छ । जहाज रनवेको घाँसे मैदानबाट घसारिँदै अगाडि गएर केहीबेर आकाशतिर उडेको थियो ।

(क्रमश: पृष्ठ २ मा)

## भाग्यले बाँचे क्याप्टेन शाक्य



क्याप्टेन मनिषरत्न शाक्यले जहाज उढाउन थालेको १५ वर्ष भइसक्यो । प्रारम्भमा उनले सन् २००९ मा गुण एयरलाइन्समा काम सुरु गरेका थिए। उनी सन् २०१२ देखि स्रिमिक एयरलाइन्समा करिब ३ वर्ष ट्रेनिङ म्यानेजरको रूपमा रहे । सन् २०१४ मा सिम्रिकमै रहेर उडान पनि गरे। पछिल्लो नौ वर्ष आठ महिनादेखि सौर्यमा चिफ अफ अपरेसन्स रहेका छन् । शाक्यले उत्तराखण्ड, भारतको मसुरी मोडर्न र सेन्ट जेभियर्स स्कुलमा अध्ययन गरेका थिए ।

बुधबार एयरलाइन्सका कर्मचारीलाई लिएर पोखराका लागि उडान भर्नेक्रममा भएको दुर्घटनामा उनीमात्रै जीवित रहेका हुन्। दुर्घटनामा १८ जनाले ज्यान गुमाउँदा क्याप्टेन शाक्य निकै भाग्यमानी देखिए । भाग्यले बाँचे पनि उनी गम्भीर घाइते भएका छन् । सिनामंगलस्थित केएमसी अस्पतालमा उपचाररत उनको अवस्था खतरामुक्त रहेको चिकित्सकहरूले बताएका छन् ।

## छानबिन समिति गठन

सरकारले सौर्य एयरलाइन्सको जहाज दुर्घटनाबारे छानबिन गर्न पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ । बुधबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतीशचन्द्रलाल सुमनको संयोजकत्वमा छानबिन समिति गठन गर्ने निर्णय गरेको हो ।

समितिमा नेपाल एयरलाइन्सका क्याप्टेन दिपु ज्वारचन, श्री एयरलाइन्सका इञ्जिनियर सञ्जय अधिकारी, पुल्चोक इञ्जिनियरिङ क्याम्पसका सहप्राध्यापक सुदीप भट्टराई र पर्यटन मन्त्रालयका प्राविधिक अधिकृत मुकेश डंगोल रहेका छन् । समितिलाई ४५ दिनभित्र प्रतिवेदन बुझाउन समय दिइएको छ । यस्तै, सरकारले आज शोक मनाउन आज बिहीबार राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।


**सन्दर्भ: वैदेशिक रोजगार**

# युरोपतर्फ मोडिँदै नेपालीको रोजगार गन्तव्य



पहिला-पहिला विदेशमा काम गर्न जाने भनेपछि मलेसिया, साउदी, कतारलगायतका खाडी मुलुक भन्ने थियो । अब ट्रेण्ड परिवर्तन भएको देखिन्छ, सुरक्षा र राम्रो पारिश्रमिक पाइने भएकाले युरोपेली मुलुकतर्फ नेपालीको आकर्षण बढेको छ ।

■ **डण्डुराज घिमिरे**
**महानिर्देशक, वैदेशिक रोजगार विभाग**




पछिल्लो तीन आर्थिक वर्षमा युरोपेली मुलुकमा रोजगारीका लागि जान श्रम स्वीकृति लिनेको संख्या। स्रोत: वैदेशिक रोजगार विभाग

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** झण्डै तीन दशकदेखि खाडी र मलेसियामा केन्द्रित नेपालीहरूको श्रम गन्तव्य विस्तारै युरोपेली मुलुकतर्फ मोडिन थालेको छ। वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको पछिल्ला वर्षहरूको तथ्यांकअनुसार श्रम स्वीकृति लिएर युरोपेली मुलुकमा जाने नेपाली श्रमिकहरूको संख्या बढ्दै गएको छ ।

युरोपेली मुलुकहरूलाई नेपाल सरकारले समेत नयाँ श्रम गन्तव्यको रूपमा हेरेको छ भने रोजगारीको खोजी गर्दै त्यसतर्फ जाने नेपाली श्रमिक बढ्नुले पनि युरोप वैकल्पिक श्रम गन्तव्य बन्दै गएको विभागको तथ्यांकले देखाएको छ । युरोपेली मुलुकमा संस्थागत (म्यानपावर) र व्यक्तिगत श्रम स्वीकृति लिएर जान सक्ने व्यवस्था छ। पछिल्लो समय युरोपबाट ठूलो संख्यामा श्रमिकको माग भए पनि मागपत्र प्रमाणीकरण हुन नसक्दा म्यानपावरमार्फत नेपाली श्रमिक पठाउन नसकिएको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ।

यद्यपि युरोपका विभिन्न मुलुकमा संस्थागत र व्यक्तिगत गरी ठूलै संख्यामा नेपालीहरू श्रम स्वीकृति लिएर रोजगारीका लागि पुगेको विभागको तथ्यांकले देखाउँछ। आर्थिक वर्ष २०७८/७९ मा २५ हजार ५०० नेपाली श्रमिक युरोपका विभिन्न मुलुकमा गएका थिए। यो संख्या बढेर आर्थिक वर्ष २०७९/८० मा ४५ हजार ३०० जना पुगे । यस्तै पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा श्रम स्वीकृति लिएर युरोपेली मुलुक जाने नेपालीको संख्या ५६ हजार ६५० पुगेको छ। यसरी हेर्दा तीन वर्षमा एक लाख २७ हजार ४५० जना नेपाली नयाँ तथा पुन: श्रम स्वीकृति लिएर रोजगारीका लागि युरोपका विभिन्न मुलुकमा पुगेका छन् ।

विभागको तथ्यांकअनुसार युरोपेली मुलुक रोमानिया, क्रोएसिया, साइप्रस, माल्टा, पोल्याण्ड र बलायतमा सबैभन्दा बढी नेपाली श्रमिक पुगेका छन्। तीन वर्षको अवधिमा रोमानियमा ३६ हजार ७२१ जना क्रोएसियामा २८ हजार १४९, साइप्रसमा १६ हजार ४४८ जना र माल्टामा ११ हजार १६८ जना, पोल्याण्डमा आठ हजार ९३६ र बेलायतमा सात हजार ६२२ जना नेपाली रोजगारीका लागि गएका छन्। यसबाहेक युरोपका अन्य मुलुक पोर्चुगल, फ्रान्स, जर्मनी, डेनमार्कलगायतका देशमा पनि थुप्रै नेपाली रोजगारीका लागि गएको विभागको तथ्यांकले देखाउँछ।

कोरोना महामारीपछि युरोपमा श्रम स्वीकृति लिएर जाने नेपालीहरूको संख्या बढ्दै गएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए। 'पहिला-पहिला विदेशमा काम गर्न जाने भनेपछि मलेसिया, साउदी, कतारलगायतका खाडी मुलुक भन्ने थियो,' उनले भने, 'अब ट्रेण्ड परिवर्तन भएको देखिन्छ, सुरक्षा र राम्रो पारिश्रमिक पाइने भएकाले युरोपेली मुलुकप्रति नेपालीको आकर्षण बढेको छ।' मलेसिया र खाडीको तुलनामा युरोपलाई श्रम गन्तव्य बनाउन सके ठूलो संख्यामा नेपालीले लाभ लिन सक्ने घिमिरेको भनाइ छ। युरोपलाई वैकल्पिक श्रम गन्तव्य बनाउने सम्बन्धमा पनि सरकारले काम गरिरहेको उनले बताए। युरोपेली मुलुकमा प्राप्त रोजगारीको अवसर गुम्न नदिन गत वर्षमात्रै रोमानिया र जर्मनीसँग सरकारले श्रम समझदारी गरेको महानिर्देशक घिमिरेले बताए। पोर्चुगल, पोल्याण्ड र माल्टासँग पनि निकट भविष्यमै थप समझदारी हुने उनले बताए।

दशकौंदेखि नेपालीहरूको श्रम गन्तव्य रहेको मलेसिया र खाडी मुलुकहरूको विकल्पमा युरोपेली बजार उदाएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए।

(क्रमश: पृष्ठ २ मा)




विमान दुर्घटनाका साक्षीहरु भन्छन्-

# उद्धारमा ढिलाइ हुँदा सबैको ज्यान गयो

**काठमाडौं–** बुधबार बिहान झण्डै सवा ११ बजेतिर त्रिभुवन अनर्राष्ट्रिय विमानस्थलमा एक्कासि ठूलो आवाज सुनियो। त्यो आवाजसँगै विमानस्थलको पूर्वी छेउमा धुवाँको मुस्लोसहित आगोको ज्वाला दन्किएको देखियो। त्यतिबेला विमानस्थल वरपरको जमिन पनि थर्किएको थियो । यो भयानक दृश्यको साथी बनेका रामकुमार केसीले सौर्य एयरलाइन्स दुर्घटनाको घटना विवरण सुनाए ।

बानेश्वर निवासी केसी नियमितझैं पसल खोलेर साथीभाइसँग गफिरहेका थिए। 'सुरुमा डंग आवाज सुनियो, के भएछ भनेर यसो अगाडि हेर्दा त धुँवाको मुस्लोसहित आगोको ज्वाला अगाडि नै आइसक्यो,' केसीले भने, ' आगोको रापले पसल छोडेर भाग्नुपर्‍यो, साथीभाइबीच कोलाहल मच्चियो, डरले हातखुट्टा लगलग काँपे, पाइला चाल्न सकिएन, आवाज पनि निस्किएन। बिस्तारै सम्हालिएँ। नजिकै गएर हेर्दा त विमान दुर्घटना भएर घाइतेहरू छटपटाइरहेको दृश्यले झनै मन क्षतविक्षत भयो।'

विमान दुर्घटनास्थलसँगै पेप्सिकोला खहरेस्थित जे.जे. मोटर पार्टस एण्ड ट्रेडिङ कम्पनी प्रालिका सञ्चालक केसीले उक्त स्थानमा विगत छ वर्षदेखि सवारीसाधनको मोटर पार्टस् तथा मर्मत पसल सञ्चालन गर्दै आएका रहेछन् । केसीले त्यो क्षण सम्झँदै भने, 'आँखै अगाडि कहाली लाग्दो विमान दुर्घटनाको दृश्यले केसीको मनमा छटपटी बढ्यो । मुखबाट शब्द निस्केन । एक छिन त हातखुट्टाले काम गरेन।'

भाग्यवस आफूहरू बाँच्न सफल भएको उनले बताए। 'धावनमार्ग नजिकको कन्टेनर र सँगैको झाडीसहितको कान्लामा नठोक्किएको भए उक्त जहाज सीधै बस्तीमा पस्ने थियो र हामीलगायत अरू धेरैको ज्यान जाने खतरा हुन्थ्यो, धन्न बाँचियो,' केसीले भने।

विमानले धावनमार्गसँगैको कन्टेनरमा ठक्कर दियो र भित्तामा बजारियो। आगोको मुस्लो र धुँवाले नजिक केही देखिएन । आगो लागेको करिब पाँच मिनेटमा दमकल आइपुग्यो। 'जहाज माथिबाट जल्दै झरेको देखियो । आगो दन्कियो, आवास र गन्ध आइरहेको थियो,' केसीले भने । करिब २५ मिनेटमा आगो नियन्त्रणमा आयो र उद्धार गर्न सुरु भयो । घाइतेको उद्धार र शव निकालेर एम्बुलेन्समा हालियो । एम्बुलेन्सको आवास, मानिसको कोलाहलले दुर्घटनास्थलको माहोल भावविहोल थियो।

समयमै दमकल पुगेको भए केहीलाई बचाउन सकिन्थ्यो कि भन्ने प्रत्यक्षदर्शीको अनुमान छ । सोही स्थानमा विगत डेढ वर्षदेखि थानापति वर्कसप सञ्चालन गर्दै आएका सुनिल साहीलाई चाहिँ भुँइचालो गएजस्तो लाग्यो। यसो हेर्दा त विमान पो दुर्घटना भएको रहेछ। 'पसलमा बसिरहेको थिएँ, भुँइचालोले जस्तो हल्लायो, जुरुक्क उठेर हेर्दा त आगोको मुस्लो देखें, आगोको रापले उभिन सकिएन पर गएर दुर्घटनास्थल नियालें,' उनले भने, 'दृश्य हेर्दा कोही पनि बाँचेन भन्ने लाग्यो, उद्धार टोली ढिलोगरी पुगे। डाँडाबाट पानी हालेर दुर्घटनास्थलमा पानी पुग्न सकेन। मुख्य आगो लागेको ठाउँ थोरै टाढा थियो।'

सिन्धुपाल्चोक घर भएका सवारीचालक सन्तोष खड्का पनि विमान दुर्घटनाको साक्षी बने। उनले भने, 'गाडीमा रङरोगन गरिरहेका थियौं, एक्कासि धुँवाको आगोको तापसँगै मुस्लो आयो, मुटु ढुकढुक भयो, जिउ काम्यो, हेर्दाखेरी डरमर्दो थियो। आगोको ताप सुरुमा दुई चार जना मानिस छटपटाइरहेको देखियो, कोहीको आधा, जीउ कसैको हातखुट्टा छैन, केहीको टाउको थिएन । उद्धारमा ढिलाइ भएकाले धेरैको ज्यान बचाउन सकिएन।'

सुमित कार्की पनि वर्कसपबाटै प्रत्यक्ष विमान दुर्घटनाको विभत्स दृश्यको साक्षी बने । 'स्कुल बसमा कलर गर्दै थिएँ । एक्कासि ठूलो आवाजसहित आगो बलेको देखियो । दौडेर सुरक्षित ठाउँतिर गइयो, विमान जलिरहेको भिडियो पनि मोबाइलमा कैद गरियो । केही समयपछि दमकल र उद्धारकर्मी आए। सायद चाँडै आएको भए केहीको ज्यान बचाउन सकिन्थ्यो कि !,' उनले भने।

सप्तरीका सुरज पासवान पनि विमान दुर्घटना हुँदा नजिकैको धारामा हातखुट्टा धुँदै थिए । जहाज आवाजसहित ठोक्किएर आगो लागेको दृश्यले धेरैबेरसम्म बोल्न पनि सकेनन् । आगोको रापले भागाभाग भयो । 'एउटा पाइलटले हात हल्लाएको देखें अरू जलेर चिन्न नसक्ने अवस्थामा थिए। हातखुट्टा लरबराए, धेरै डर लागेको छ,' उनले भने।

विमान दुर्घटनास्थल नजिकको न्यु संयुक्त अटो वर्कसपमा कार्यरत मजदुर विमान दुर्घटनाका साक्षी बने । त्यहाँको सम्पूर्ण घटनाक्रम नियाले। अनि मोबाइलमा तस्बिर र भिडियो कैद पनि गरे। नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार सौर्य एयरलाइन्सको सिआरजे २०० (९ एन एएमई) कलसाइन विमान बुधबार स्थानीय समयअनुसार बिहान ११ बजेर ११ मिनेटमा पोखरा उडानको क्रममा उड्ने बित्तिकै दुर्घटनाग्रस्त भएको थियो । दुर्घटनामा १८ जनाको मृत्यु हुनका साथै एक जना घाइते भए। *रासस*

पृष्ठ १ बाट क्रमशः

## १८ जनाको...

त्यस क्रममा टयाक्सी वे हुँदै घाँसे मैदान कटेर खाडलमा झरेको थियो । जहाजका पुर्जाहरू घाँसे मैदानमासमेत छरिएको प्रत्यक्षदर्शी श्रेष्ठले बताए। नेपाल नागरिक उड्डयन प्राधिकरणले घटनापछि जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'बुधबार सौर्य एयरलाइन्सको ९ एन एएमई जहाज काठमाडौंबाट स्थानीय समयअनुसार बिहान ११:११ मा पोखरा उडानको क्रममा उड्नेबित्तिकै दाहिनेतिर मोडिन गई रनवेको पूर्वतिर रहेको स्थानमा दुर्घटनाग्रस्त हुन पुगेको हो।' दुर्घटना भएको जहाजमा चालक दलका दुई सदस्यसहित १९ जना थिए। त्रिभुवन विमानस्थलका एक अधिकारीका अनुसार, जहाज दुर्घटना भएर आगो लागेको देख्नेबित्तिकै उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी एकसाथ परिचालन गरिएको थियो।

दुर्घटनामा घाइते क्याप्टेन शाक्यको केएमसी अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा मृत्यु हुनेमा सबै सौर्यकै कर्मचारी छन्। कोपाइलट सुशान्त कटुवाल, एयरलाइन्सकै कर्मचारीहरू अमितमान महर्जन, सागर आचार्य, दिलिप बर्मा, मञ्जुराज शर्मा, अश्विन निरौला, सुदीपलाल जोशी, सर्वेश मरासिनी, श्याम बिन्दुकार, नवराज आले, राजाराम आचार्य, उद्धव पुरी, यज्ञप्रसाद पौडेल, सन्तोष महतो, पून्यरत्न शाही र आरिफ रेडाको ज्यान गएको छ।

दुर्घटनामा ज्यान गुमाएका आरिफ रेडा यमनका नागरिक हुन्। उनी सौर्य एयरलाइन्सकै कर्मचारी थिए। मृतकमध्ये चार जना सौर्य एयरलाइन्सका व्यवस्थापक तहका कर्मचारी हुन्। बाँकी एयरलाइन्सको कर्मचारी हुन्। मृत्यु हुनेमा एकै परिवारका तीन जना परेका छन्। मनुराज शर्मा, उनकी श्रीमती प्रिजा खतिवडा र छोरा अधिराजको एकैसाथ मृत्यु भएको हो।

घटनापछि प्रधानमन्त्री केपी शर्मा ओलीले ज्यान गुमाएकाहरूका आफन्तहरूप्रति सहानुभति प्रकट गरेका छन् । दुर्घटनास्थलको अनुगमनमा पुगेका प्रधानमन्त्री ओली मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गरे। गृहमन्त्री रमेश लेखक, ऊर्जामन्त्री बद्री पाण्डेलगायत दुर्घटनास्थलमा पुगेका थिए । साथै, बुधबार बसेको मन्त्रिपरिषद् बैठकले बिहीबार जहाज दुर्घटनामा परी मृत्युभएकाहरूको सम्झनामा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको छ । उक्त बैठकले घटनाको छानबिन गर्न छानबिन समितिसमेत गठन गरेको छ।

### शिक्षण अस्पतालमा शवको पोस्टमार्टम

जहाज दुर्घटनामा परेर ज्यान गुमाएकाहरूको शव पूर्णरूपमा जलेको पाइएको छ। यसले गर्दा चिकित्सकहरूले एउटा शवको पोस्टमार्टम गर्न कम्तीमा चार घण्टा लागिरहेको बताएका छन्। महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा पोस्टमार्टमका लागि १८ वटै शव पुर्‍याइएको थियो । ती शवहरूको परीक्षण बुधबारदेखि नै भएको तर आज बिहानसम्म लाग्ने अस्पतालका फोरेन्सिक विभागका प्रमुख डा. गोपालप्रसाद चौधरीले जानकारी दिए । 'शव एकदमै धेरै जलेको छ । हामी सकेसम्म चाँडोभन्दा चाँडो सक्नेगरी काम अघि बढाइरहेका छौं,' उनले बुधबार सञ्चारकर्मीएहरूसँग भने, 'आफन्तलाई देखाउनुअघि हामीले त्यसलाई कस्मेटिक सर्जरी गर्छौं।'

पोस्टमार्टमका लागि शिक्षण अस्पतालका २५ जना चिकित्सक खटिएका छन् । शव पहिचानका लागि भने फिंगर प्रिन्ट, डेन्टल (दाँतको भाग) र शरीरमा स्थायी रूपमा बनेका संकेतहरू (खत, टचाटुलगायत) हेरिने चौधरीले बताए । उनका अनुसार त्यस्तो संकेतबाट कुनै पहिचान हुन नसकेको खण्डमा मात्रै डिएनएको प्रक्रियामा जाने हुन्छ । यदि कुनै शव पहिचान गर्न नसकी डिएनएको प्रक्रियामा जान परेको खण्डमा कम्तीमा दुई हप्ता लाग्ने उनको भनाइ छ।

### साढे छ दशकमा १०५ दुर्घटना

नेपाली आकाशमा हडाई उडान साढे छ दशकयता विभिन्न समयमा दुर्घटना हुँदै आएको तथ्यांक छ। यसबीचमा विमानस्थलपरिसरमै भएकामध्ये बुधबारको सौर्य एयरलाइन्सको जहाज दुर्घटना ठूलो हो। यो दुर्घटना नेपालमा भएको १०५औं हवाई दुर्घटना हो । अव्यावसायिक आन्तरिक उडानमा भने यो दुर्घटनालाई पहिलो मानिएको छ। यससँगै नेपालमा हवाई दुर्घटनाहरू बारम्बार भइरहने भएकाले यसले देशको उड्डयन सुरक्षामा गम्भीर चुनौती थपेको विज्ञहरूले बताएका छन्।

## युरोपतर्फ मोडिँदै...

'लामो समयसम्म मलेसिया र खाडी मुलुकले धानेको नेपाललीहरूको श्रम बजार अब युरोपतिर सर्दै गएको छ,' उनले भने, 'युरोपमा आप्रवासी श्रमिकहरूको माग बढ्दै गइरहेको छ, आम्दानी र श्रमिकको अधिकार सुनिश्चित भएकाले नेपालीहरूको रोजाइमा युरोप परेको छ।' युरोपमा श्रममैत्री कानुन भएकाले मलेसिया र खाडी मुलुकको तुलनामा युरोपेली देशमा श्रमको प्रकृति सहज र कार्यस्थलमा सुरक्षाको प्रत्याभूति हुने भण्डारीको भनाइ छ। उनका अनुसार युरोप जाने नेपाली श्रमिकले मासिक रूपमा न्यूनतम ८० हजार रूपैयाँ पारिश्रमिक पाउने छन्। श्रमिकको दक्षता, सीप र अनुभवका आधारमा पारिश्रमिक मासिक रूपमा दुई लाख बढी हुने उनले बताए।

अहिले पनि युरोपको रोजगारीका लागि आएको ५० हजारभन्दा बढी श्रमिकको माग मागपत्र प्रमाणीकरण हुन नसक्दा पेण्डिङमा रहेको भण्डारीले जानकारी दिए। युरोपेली मुलुकहरूबाट कृषि, उद्योग, होटल, हस्पिटालिटी र निर्माण क्षेत्रमा श्रमिकहरूको माग हुने गरेको उनले बताए। 'समयमै मागपत्र प्रमाणीकरण नहुँदा युरोपको आकर्षक रोजगारी गुम्ने अवस्थामा पुगेको छ,' उनले भने।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAHR AL-FELFEL RESTAURANT FOR MEAL

पूर्व स्वीकृति मिति : २०८१/04/0९ LT. No. 307915 चलानी नं. : ६0२२२६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1500 | ५३,५६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Qimam Developed Contracting Company, One-Person

पूर्व स्वीकृति मिति: २0८0/११/१३ पून : विज्ञापन स्वीकृति मिति: २0८१/04/0९ LT. No.300477 चलानी नं.६0२१५४६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 48 | 0 | 1000 | ३५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.N. Recruiting Service Pvt Ltd**
S.N. RECRUITING SERVICE PVT.LTD. Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884
E-mail : snrecruitingnepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMI AND MOAZ ABDULRAHMAN AL-LUHAIDAN COMPANY FOR TRADING, CONTRACTING AND TRANSPORT

पूर्व स्वीकृति मिति: २0८१/0१/२0 पून विज्ञापन स्वीकृति मिति: २0८१/04/0९ LT. No. 304115 चलानी नं. ६0२१८८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 22 | 0 | 1800 | ६४,२८0 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALED ABBAS KHAZAL BLACKSMITH AND ALUMINUM WORKSHOP

पूर्व स्वीकृति मिति: २0८0/0३/२६ पून विज्ञापन स्वीकृति मिति: २0८१/0३/0९ LT. No. 289726 चलानी नं. ६0२0४९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 2 | 0 | 1000 | ३५,७११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALED ABBAS KHAZAL METAL INDUSTRIES FACTORY

पुर्व स्वीकृति मिति २0८0/0६/११ LT. No. 293275 चलानी नं. ६0२0८३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,७११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 2 | 0 | 1000 | ३५,७११ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बिहीबार, १० साउन, २०८१

| | |
|---|---|
| **मेष** | व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने । |
| **वृष** | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| **मिथुन** | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| **कर्कट** | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| **सिंह** | विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| **कन्या** | मिहिनेतले उपलब्धि हासिल हुने । |
| **तुला** | आत्माविश्वासको कमीले काममा पछि परिने । |
| **वृश्चिक** | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| **धनु** | टाढाको यात्राको सम्भावना हुनेछ । |
| **मकर** | हडबड गर्नाले काममा बाधा पुग्ने । |
| **कुम्भ** | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |
| **मीन** | स्वास्थ्यमा ध्यान पुर्‍याउनु पर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० साउन, २०८१ (२५ जुलाई, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.५७ | १३४.१७ |
| युरो | १ को | १४५.३१ | १४५.९६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.५९ | १७३.३६ |
| स्विस फ्रैन्क | १ को | १५०.२१ | १५०.८९ |
| अस्ट्रेलियन डलर | १ को | ८९.२६ | ८९.६७ |
| क्यानाडियन डलर | १ को | ९७.२५ | ९७.६९ |
| सिंगापुर डलर | १ को | ९९.२८ | ९९.७३ |
| जापानी येन | १० को | ८.४८ | ८.५२ |
| चिनियाँ युआन | १ को | १८.३७ | १८.४६ |
| साउदी अरब रियाल | १ को | ३५.६१ | ३५.७७ |
| कतारी रियाल | १ को | ३६.६३ | ३६.८० |
| थाई भाट | १ को | ३.६७ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३७ | ३६.५३ |
| मलेसियन रिङेट | १ को | २८.४९ | २८.६२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६१ | ९.६५ |
| स्विडिस क्रोनर | १ को | १२.५१ | १२.५६ |
| डेनिस क्रोनर | १ को | १९.४८ | १९.५७ |
| हङकङ डलर | १ को | १७.१० | १७.१८ |
| कुवेती दिनार | १ को | ४३७.०० | ४३८.९७ |
| बहराइन दिनार | १ को | ३५४.३० | ३५५.८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# काठमाडौं जिल्ला अदालतको मुद्दा फर्स्योट दरमा सुधार

■ कालिका खड्का



**काठमाडौं–** जिल्ला अदालत काठमाडौंले २०८०/८१ मा मुद्दा फर्स्योट दरमा तुलनात्मकरूपमा सुधार गरेको छ। यस आर्थिक वर्षमा २३ हजार २९१ (४६.७४ प्रतिशत) मुद्दा फर्स्योट गरेको छ। आव २०७९/८० मा १५ हजार ५२८ (४२.१८ प्रतिशत) मुद्दा फर्स्योट गरेको थियो। आव २०८०/८१ मा ४९ हजार ८२७ मुद्दा रहेकामा फर्स्योट गर्न बाँकी २६ हजार ५३६ मुद्दा रहेका छन्।

जिल्ला न्यायाधीश कमलप्रसाद पोखरेलले मुद्दा फर्स्योटमा तीव्रता दिने उद्देश्यले काम गर्दागर्दै पनि मुद्दाको चाप बढी र न्यायाधीशको संख्यामा कमीका कारण नसकिएको भए पनि गत वर्षको तुलनामा सुधार भएको बताए।

'गत वर्षभन्दा यस वर्ष बढी मुद्दा फर्स्योट भएको छ, ४६ जनाको दरबन्दी भए पनि ३१ जना न्यायाधीशले मात्रै काम गरिरहेका छौं,' उनले भने, 'अदालतबाट समयमै न्याय पाइन्छ भनेर जनआस्था वृद्धि गर्न छिटो न्याय दिनका लागि प्रयन्तरत छौं।' सर्वोच्च अदालतको निर्णयअनुसार काठमाडौं अदालतले पनि यही साउन १ गतेदेख स्वचालित प्रणाली (अटोमेसन) बाट पेशी व्यवस्थापन कार्य प्रारम्भ गरेको छ। उक्त अदालतले यस आर्थिक वर्षमा छ हजार ५५८ मुद्दा फर्स्योट गरेको छ। दुई वर्ष नाघेका मुद्दामा जिम्मेवारी सरेर आएका मुद्दामा तीन हजार १५ थियो भने यस आवमा एक हजार ८८६ रहेका छन्। फैसला कार्यान्वयनतर्फ दुई हजार ६०७ (५०.२८ प्रतिशत) फर्स्योट गरेको छ।

कूल मुद्दा पाँच हजार १८५ मुद्दा रहेकामा दुई हजार ५७८ मुद्दा बाँकी रहेको छ। अदालतले दुई वर्ष पुराना मुद्दा मात्र रहने गरी छुट्टै अभियान फाँट स्थापना भई उक्त फाँटहरूका मुद्दाको छुट्टै तोकिएको इजलासबाट सुनुवाइ हुनेगरी व्यवस्था गरिएको छ। ाठमाडौंमा अदालतमा गत वर्षदेखि पारिवारिक इजलासबाट सुनुवाइ प्रारम्भ गरिएको थियो। कूल मुद्दा एक हजार १७९ मुद्दा रहेकामा ५५४ (४६.९८ प्रतिशत) मुद्दा फर्स्योट भएको छ।

पारिवारिक विवादका ६२६ मुद्दा बाँकी रहेका छन्। न्यायाधीश पोखरेलले पारिवारिक विवाद छिटो टुंग्याउन र पीडितलाई चाँडै न्याय दिन पारिवारिक इजलासको मुद्दालाई प्राथमिकतामा राखिएको बताए। उक्त अदालतमा रहेको बाल इजलासमा ७६० (८१.९८ प्रतिशत) फर्स्योट गरेको छ। जम्मा मुद्दा ९२७ मध्ये १६७ मुद्दा बाँकी रहेका छन्।

सबैभन्दा बढी बैंकिङ कसुरमा मुद्दा जिल्ला अदालत काठमाडौं यस आवमा सबैभन्दा बढी बैंकिङ कुसर सात हजार नौ सय ५७ मुद्दा दर्ता भएको छ। दोस्रोमा सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा चार हजार ४६६ मुद्दा दर्ता भएका छन्।

तेस्रोमा चेक अनादारसम्बन्धी मुद्दा तीन हजार ८७० रहेको छ। सबैभन्दा कम मुद्दा ज्यानसम्बन्धी कसुर १६९ रहेको छ। सबै न्यायाधीशको कार्यविभाजन गरी प्रत्येक न्यायाधीशलाई एक-एक वटा फाँट मिसिल निरीक्षणको अनुगमन गर्ने जिम्मेवारी बाँडफाँट गरिएको र पेशी व्यवस्थापन नीति पारितगरी तदनुरूप पेशी व्यवस्थापन गर्न फाँटहरूलाई निर्देशन दिइएको अदालतका स्रेस्तेदार रामु शर्माले जानकारी दिए। अदालतले न्यायाधीश बिदामा बस्दासमेत उपस्थित न्यायाधीशले एकभन्दा बढी फाँट हेर्नेगरी फाँट स्थगित नहुने व्यवस्था मिलाइएको छ। अभियान फाँटहरूका मुद्दा पेस हुने इजलासमा सम्भव भएसम्म थुनछेकका लागि पेस हुने अभियोग पेस नहुनेगरी व्यवस्था गरिएको जसले गर्दा मुद्दा हेर्न नभ्याइनेमा पर्ने अवस्था न्यूनीकरण हुने अपेक्षा गरेको छ।

अभियान फाँटमा रहेका मुद्दाको मिसिल निरीक्षणलाई नियमित बनाउन त्यस्ता फाँटमा कार्यरत सुपरिटेन्डेट/शाखा अधिकृत/इजलास अधिकृतबाट हरेक १५/१५ दिनमा मिसिल निरीक्षणको प्रगति प्रतिवेदन लिने व्यवस्थाको सुरुआत गरेको छ। त्यस्तै, हरेक हप्ताको शुक्रबार निवेदनहरूको मात्र सुनुवाइ हुँदै आएकामा गएको भदौ महिनाको अन्तिम हप्तादेखि हरेक शुक्रबारसमेत अभियान फाँटका मुद्दाहरूको सुनुवाइ हुनेगरी व्यवस्था गरिएको छ। अदालतले अभिलेखालयको कामलाई समेत तीव्रता दिँदै अदालतले जरिवानातर्फ दुई अर्ब रूपैयाँ संकलन गरेको जनाएको छ। *रासस*

## 'नाक्चे लाग्ना' नाका दुई साता खुल्ने

**मुगु–** मुगुस्थित नेपाल-चीन सीमामा रहेको नाक्चे लाग्ना नाका दुई साताका लागि खुल्ने भएको छ। कोरोना महामारीका बेला बन्द उक्त नाका यही साउन १७ गतेदेखि साउन ३१ गतेसम्म खुला रहने छ। प्रमुख जिल्ला अधिकारी टोपेन्द्र केसीले मुगुको नाक्चे लाग्नासँगै डोल्पाको मायुम्ला नाका दुई साताका लागि खुला गरिने बताए। चीनको हाटबजार हचजिमार क्षेत्रमा आउजाउ गर्न प्रवेशाज्ञा उपलब्ध गराउने तयारी भइरहेको उनले बताए। नाका खुला गरिने समयावधिभर नेपालतर्फ सुरक्षा व्यवस्था मिलाइएको प्रजिअ केसीको भनाइ थियो।

नाक्चे लाग्ना नाका भएर स्थानीय बासिन्दा आवश्यक सामग्री खरिद गर्न हाटबजार जाने गरेका छन्। अस्थायी नाका खोल्न र हाटबजार नियमितरूपमा सञ्चालन गर्न नेपालस्थित चिनियाँ दूतावास र परराष्ट्र मन्त्रालयबीच सहमति भएको हो। मुगम कार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याफ्ने लामाका अनुसार हाटबजारमा काठका सामग्री, जुत्ता, जडीबुटी, सिमेन्ट, जस्तापाता, चामल, छुर्पी, चिया, लत्ताकपडालगायत सामग्री किनबेच हुनेगरेको छ। नेपालतर्फ सडक सुविधा छैन। स्थानीय र व्यापारीले घोडा, खच्चर र चौरीगाईको सहयोगमा व्यापार गर्ने गर्छन्। मुगुम कार्मारोङ गाउँपालिका-१ का वडाध्यक्ष च्यावा लामा सस्तो दैनिक उपभोग्य वस्तु किनबेच गर्न नाका खुला भएपछि सहज हुने बताउँछन्। *रासस*

# बाढीले विद्यालय भवनमा क्षति



**पर्वत (प्रस)–** जिल्लाको पैयुँ गाउँपालिका-५ को बानीडाँडा प्राथमिक विद्यालयमा बाढी पसेको छ। विद्यालय नजिकको टिउरीखोलाको लेदोसहितको बाढीले विद्यालयका कोठा गेग्रानले पुरिएका छन् भने अन्य भौतिक संरचनामा क्षति भएको छ।

पैयुँ गाउँपालिका-५ का वडाध्यक्ष निर्भिकनारायण भुर्तेलका अनुसार विद्यालय स्थानान्तरण गर्नुपर्ने अवस्था छ। 'खोला नियन्त्रणका लागि तत्काल पूर्वाधार निर्माण नगरे विद्यालय नै स्थानान्तरण गर्नुपर्ने अवस्था छ,' उनले भने। भारी वर्षा हुँदा बाढीको जोखिम बढ्ने उनले बताए। बाढीबाट भएको क्षतिको गाउँपालिकाका अध्यक्ष तोरण मल्ल, उपाध्यक्ष यामकुमारी रानासहितका जनप्रतिनिधिले स्थलगत अवलोकन गरेका छन्।

यसैबीच, बाढीका कारण पैयुँ-५ को पियाखेतका दर्जनौं परिवारको घरगोठमा पनि क्षति पुऱ्याएको छ भने सयौं रोपनी खेतबारी बगरमा परिणत भएको छ। पैयुँ गाउँपालिका-६ सरौंखोलामा रहेको लक्ष्मीभवन प्राविमा पनि क्षति भएको छ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०४/१०

यस कम्पनीको मिति २०८१/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **लुकेशरी इङ्गलिस बोर्डिङ्ग स्कुल सिरहा प्रा.लि. (प्रा.लि. नं. १४३६६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सक्षम बोर्डिङ्ग स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## आमा पदम कुमारी चाम्लिङ्ग फिल्मस् प्रा.लि.
## कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६७/०८/२८ / ०३ मा दर्ता भएको प्रा.लि. नं. ७८४४०/०६७/०६८ को आमा पदम कुमारी चाम्लिङ्ग फिल्मस् प्रा.लि. को संस्थापक शेयरधनीको मिति २०८१/०४/०८ गतेको दिनमा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रूपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरकोसँग सम्पर्क राख्न हुन सुचित गरिन्छ।

**सरोज दाहाल दामासाही ब्यवसायी इजाजत नं. ३५३ प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे मोबाइल नं. : ९८५१२११००२**

नेपाल सरकार
भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
## मालपोत कार्यालय उदयपुर
गाईघाट, वाक्स ०३५-४२०१३६, ४२०२०१
E–mail: udayapur@dolma.gov.np

### मालपोत कार्यालय उदयपुर गाईघाट बोक्सेबाट प्रकाशित भएको नामसारी हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

जिल्ला उदयपुर साविक हडिया वडा न.-७ हाल परिवर्तित चौदण्डीगढी न.पा.-१० बस्ने गोमा राउत समेत ३ जनाले हाम्रो बुवा/पति निर वहादुर राउतको मिति २०६०/११/०३ मा मृत्यु भएको भने आमा/सौता चन्द्रीमाया राउत मिति २०६४ बाट वेपत्ता भई हालसम्म सम्पर्कमा नआएको हुँदा निजहरूको नाममा दर्ता कायम रहेको गा.वि.स. हडिया वडा न. ७ख कि.न. १४१ को ०-३-११, ७ग कि.न. १२१ को ०-०-२, ९क कि.न. ३१३ को ०-१-१०, ७घ कि.न. १८५ को ० २-० र ७ग कि.न. ३२८ को ०-१-१३ का जग्गाहरू हामी नजिकका हकदारहरू ३ छोराहरू र निर बहादुर राउतको कान्छि श्रीमति गोमा कटुवाल राउत रहेकोमा निज जेठा छोरा डिल्ली बहादुर राउतले मिति २०७०/०१/२७ र.न. २००१ख मा अंश भर्पाईबाट अंश बुझिसकेको हुँदा हामी छोराहरू हरि बहादुर राउत र धन बहादुर राउत र गोमा कटुवाल राउतको नाममा नामसारी गरिदिनु भनि माग निवेदन गरेको हुँदा ज.ध. चन्द्रिमाया राउत मिति २०६४ सालदेखि वेपत्ता भएको व्यहोरा ठीक साँचो हो कि होईन ? निजका कोही अन्य हकदार छन कि? वेपत्ते भनिएको ज.ध. कही कतै हुनु हुन्छ कि? भनि यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ यदि वेपत्ते भएको ज.ध. कहि कतै भएमा वा कोही अन्य हकवाला भएमा बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र स-प्रमाण यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला, अन्यथा प्रचलित कानून बमोजिम निवेदकहरूको नाममा संयुक्त नाममा नामसारी भई जाने व्यहोरा सम्बन्धित सबको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

इति सम्वत २०८१ साल साउन १० गते रोज ५ शुभम्।

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

पद: Accountant -1 (M/F)
Office Secretary-1 (M/F)

**योग्यता:**
- कम्तिमा ३ वर्षको अनभव
- उत्कृष्ट सञ्चार क्षमता
- नेपाली र अंग्रेजी भाषामा दक्षता

**तलब: आपसी समझदारीमा**

**आवेदन प्रक्रिया:**
आवेदन पत्र र आवश्यक कागजातहरु यस विज्ञापन प्रकाशित भएको मितिबाट ७ दिनत्रि तलको ठेगानामा पठाउनुहोला :

**नोट: केवल छोट-सूचीकृत उम्मेद्वारहरूसँग मात्र सम्पर्क गरिनेछ।**

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal
Tel: 01-5920966, 01-5920965
Email: info@teslaoverseas.com.np

## कतार/युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONTENU MART TRANDING
पूर्व स्वीकृति मिति २०८१/०४/०९ | LT No. 307859 | चलानी नं. ६०२२२६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 1 | 0 | 3600 | १,३२,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 5 | 1400 | ५१,३९५ | | | | | | | |
| 3 | CHEESE MAKER | 0 | 1 | 1400 | ५१,३९५ | | | | | | | |
| 4 | Cooker | 1 | 0 | 1500 | ५,५०,६६ | | | | | | | |
| 5 | Driver | 1 | 0 | 1700 | ६२,४०८ | | | | | | | |
| 6 | GROCER | 2 | 0 | 1300 | ४७७२४ | | | | | | | |
| 7 | LABOUR | 2 | 0 | 1000 | ३६,७१० | | | | | | | |
| 8 | marketing represent | 1 | 0 | 2200 | ८०७६३ | | | | | | | |
| 9 | PACKING WORKER | 1 | 1 | 1000 | ३६,७१० | | | | | | | |
| 10 | Teller Supervisor | 1 | 0 | 2500 | ९१७७७ | | | | | | | |
| 11 | waiter | 0 | 1 | 1400 | ५१,३९५ | | | | | | | |
| 12 | WATCHES SALESMAN | 0 | 1 | 1400 | ५१,३९५ | | | | | | | |

कम्पनी : LUMBINI FOR INFORMATION TECHNOLOGY NETWORK SERVICES CO.
पूर्व स्वीकृति मिति २०८१/०४/०९ | LT No. 295469 | चलानी नं. ६०२२२६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3000 | १०९४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | IT DEVELOPER | 1 | 0 | 3500 | १२७६५३ | | | | | | | |
| 3 | Marketing Manager | 1 | 1 | 3000 | १०९४१६ | | | | | | | |
| 4 | mesenger | 1 | 0 | 1500 | ५४७०८ | | | | | | | |
| 5 | Sales Manager | 1 | 1 | 3000 | १०९४१६ | | | | | | | |
| 6 | Technical Manager | 1 | 1 | 3500 | १२७६५३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VENUS CENTRE FOR CARPENTARY WORKS | शहर :Jahara, Kuwait
पूर्व स्वीकृति मिति २०८१/०४/०८ | LT. No.307874 | चलानी नं. ६०२२२६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER | 10 | 0 | 120 | ५२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HEAVY DRIVER | 5 | 0 | 170 | ७४,५४० | | | | | | | |
| 3 | HELPER | 5 | 0 | 110 | ४८,२३० | | | | | | | |
| 4 | LABOUR | 10 | 0 | 100 | ४३,८४५ | | | | | | | |
| 5 | LIGHT DRIVER | 5 | 0 | 135 | ५९,१९५ | | | | | | | |
| 6 | MACHINE OPERATOR | 8 | 0 | 140 | ६१,३८५ | | | | | | | |
| 7 | PAINTER | 8 | 0 | 120 | ५२,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Dana Human Resource Nepal Pvt. Ltd.
Govt.Lic. No. 1692/080/81
Kageshwori Manahara Municipality-32, KATHMANDU, Bagmati Province

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IMS FACILITIES AND PROJECTS MANAGEMENT
पूर्व स्वीकृति मिति २०८१/०४/०९ | LT. No. 307956 | चलानी नं. ६०२२२६७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 10 | 8 | 1000 | ३६,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st AUG 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था : रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AFAQ PIONEER GENERAL CONTRACTING INDUSTRIAL SERVICE
पूर्व स्वीकृति मिति २०८१/०४/०९ | LT. No. 307914 | चलानी नं. ६०२२२१४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1000 | ३५७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st AUG 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Avion Human Resource Management Pvt. Ltd.
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977 1 4599632, 9801000591, 9801000593, 9843685128, Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALPINE CONTRACTING & SERVICES
पूर्व स्वीकृति मिति: २०८०/१०/२५ | पून विज्ञापन स्वीकृति मिति: २०८१/०४/०९ | LT. No. 299674 | चलानी नं. ६०२१४५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason | 2 | 0 | 1200 | ४३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 1 | 0 | 1200 | ४३,७७० | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1200 | ४३,७७० | | | | | | | |
| 4 | Decoration Technician | 1 | 0 | 1500 | ५४,७१५ | | | | | | | |
| 5 | Decorator | 0 | 1 | 1200 | ४३,७७० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 1000 | ३६,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1sh Aug. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Creative masterpieces Factory for Glass Crafts
पूर्व स्वीकृति मिति: २०८१/०४/०८ | LT. No.307918 | चलानी नं. ६०२२२६६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 1800 | ६४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६४,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### लापारवाहीले निम्त्याएको दुर्घटना

नेपाली आकाश असुरक्षित रहेको भन्दै अन्तर ाष्ट्रियस्तरमै आलोचना हुँदै आएको छ । पटक-पटक हुने हवाई दुर्घटनाले यसलाई अझ मलजल गरिरहेको छ । साढे छ दशकयताको तथ्यांक हेर्दा हवाई दुर्घटना कहालीलाग्दो बनेको देखिन्छ । यहीबीच बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलपरिसरमै सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा पऱ्यो । यो जहाज दुर्घटना साढे छ दशकयता भएका १०५औं मा पर्छ ।

नेपालमा पहिलोपटक सन् १९९५ मा बाराको सिमरामा भारतको कलिंगा एयर दुर्घटना भएको थियो । सो दुर्घटनामा दुई जनाको मृत्यु भएको थियो । बुधबारको दुर्घटनामा १८ जनाको ज्यान गयो । एक जना (क्याप्टेन मनिषरत्न शाक्य) सकुशल उद्धार गरिएको छ । गम्भीर घाइते उनको उपचार भइरहेको छ । दुर्घटनाका कारण देश गहिरो शोकमा छ । आफन्तजन पीडामा छन् । आफन्तलाई गुमाउनुपर्दाको वियोगभाव त्रिवि शिक्षण अस्पताल परिसरमा भेटिएका आफन्तहरूका अनुहारमा प्रस्ट झलकिन्थ्यो ।

बुधबार नै मन्त्रिपरिषद् बैठकले छानबिन समिति बनाएको छ । यो जहाज दुर्घटनापछि हुने नियमित प्रक्रिया जस्तै बनेको छ । प्रत्येक दुर्घटनापछि छानबिन समिति बनाइन्छ । वर्तमान सरकारले पनि त्यही गऱ्यो । तर छानबिन समितिले दिएको प्रतिवेदन कहिल्यै कार्यान्वयनमा आएको पाइँदैन । आएको भए यत्रो दुर्घटना हुँदा गठन भएका समितिहरूले हवाई सुरक्षाका लागि दिएका सुझावहरूको पालना खै ? यदि पालना भएको भए किन बारम्बार दुर्घटना दोहोरिरहन्छ ? यो गम्भीर प्रश्न बनेको छ ।

उड्डयन क्षेत्रलाई सुरक्षित बनाउन सरकार, नियमकारी तथा अन्य सरोकारवाला निकाय र स्वयं एयरलाइन्स सञ्चालकहरूको लापारवाही प्रस्ट देखिन्छ । बुधबार सौर्यको जहाज दुर्घटनालाई नै हेर्दा पनि लापारवाही गरिएको बुझिन्छ । जहाज प्राविधिक परीक्षण (सि-चेक) का लागि पोखराका लागि उडेको थियो । यो भनेको निश्चित घण्टा उडानपछि गरिने पूर्ण परीक्षण भएको जानकारहरूको भनाइ छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा ह्यांगरमा राखेर जहाजको परीक्षण गर्ने तयारी रहेको बताइएको छ ।

यसरी प्राविधिक परीक्षण वा मर्मतका लागि उडेको जहाजमा त्यति धेरै यात्रु किन चडाइयो ? नियामक निकायले कसरी अनुमति दियो ? यो गम्भीर प्रश्नको जवाफ जिम्मेवार निकायले दिनैपर्छ । जवाफ दिनेमात्रै होइन, घटनाको जिम्मेवार को बन्ने ? निमायक निकाय वा एयरलाइन्स सञ्चालक ? यसको निक्र्योल गरिनुपर्छ । लापारवाही गर्ने कार्यमा संलग्न जिम्मेवार अधिकारीहरूलाई कारबाही हुनैपर्छ । ताकि पुनः यस्तो गल्ती नदोहोरियोस् ।

# दोलखा भिमसेनः पञ्चपाण्डप होइन व्यापारको देवता



■ पदम श्रेष्ठ

> पटन दरवारको पाँच मणिको संयोग मंगलबजारको पहिचानमा मणिकुमारमध्ये भिमसेन पनि एक हो । भिमसेनलाई धेरैले पञ्चपाण्डव ठान्छन्, तर नेपाल भाषामा भिंद्यो भनिने यहाँको भिमसेनलाई राँगा, बोका, हाँस कुखुरा बलि दिने, जाँड रक्सी, माछा-मासु पूजामा नभई नहुने असल देवताको रूपमा लिइन्छ । मन्दिर ने.सं. ८०१ मा राजा श्रीनिवास मल्लले तीनतल्ले काष्ठकलायुक्त बनाएका हुन् ।

भनिन्छ-दोलखा भीमेश्वरलाई पसिना आए देशभित्र कुनै अनिष्ट आइपर्ने संकेत हो । दीक्षित पुजारीबाट रुवाले पसिना पुछी प्रसादको रूपमा जिल्ला प्रशासन कार्यालयमार्फत राष्ट्रप्रमुखकहाँ पठाउने र क्षमापूजा गरी फर्काइने परम्परा छ । राजाको पालामा प्रमुख जिल्ला अधिकारी (सिडिओ)मार्फत यसरी नै रुवाले पसिना पुछेर राजदरबार पठाउने गरिन्थ्यो । गत शनिबार पनि दोलखा भिमसेनलाई पसिना आएको कुरा संरक्षण समितिका सचिव राजेन्द्र श्रेष्ठले सार्वजनिक गरे । बुधबार फेरि पसिना आएको बताइएको छ ।

तथ्यअनुसार वि.सं. १९९० सालको भूकम्प, १९९७ मा चार सहिदलाई मृत्युदण्ड दिँदा, २००७ को प्रजातन्त्रका लागि राजा त्रिभुवनबाट देश छोड्दा, २०११ सालमा राष्ट्रपिता त्रिभुवन र २०२८ मा राजा महेन्द्रको स्वर्गारोहण हुनुअघि, २०५८ जेठ १९ गते राजदरबार हत्याकाण्ड, २०७२ सालको महाभूकम्प र २०७६ सालको कोरोना भाइरसको महामारीपूर्व पनि दोलखा भिमसेनमा पसिना आएको बताइन्छ ।

यसरी देशमा अनिष्टको संकेट देखिएपछि दोलखा भिमसेनलाई नै किन पसिना आउँछ त भन्नेबारे खासै वैज्ञानिक अनुसन्धान भएको पाइँदैन । तर, धार्मिक आधारमा भने प्रमाणित भइरहेकोले पनि दोलखा भिमसेनको पसिनाबारे केही त छ भन्ने विश्वास गर्नुपर्ने हुन्छ । जसरी रातो मच्छिन्द्रनाथको रथारोहणपछि भोटो देखाउँदा अनिवार्य पानी पर्नु, पशुपतिनाथलगायतका शिवालयहरूको शिवस्व खानेलाई कहिल्यै भलो नहुनु र भक्तपुरको नवदुर्गा गणनृत्यमा बाँडिने प्रसादलाई छिः भनी नखाएमा अशुभ हुन्छ भन्ने गरिन्छ । त्यसैगरी दोलखा भिमसेनबारेको आख्यान प्रचलित हुनुको पछाडि थुप्रै आधारहरू पाइन्छन् ।

## एक शिला, तीन अवतार

आख्यानुसार तिब्बत व्यापारमा निस्किएका १२ जना व्यापारीहरूको बीच बाटोमा बास परे छ । बाटोमा तीनढुंगाको चुलो राखी भात पकाउँदा एक कुना काँचाको काँचै रह्यो । भोकले चुर व्यापारीले सो ढुंगालाई अलच्छिनी भन्दै फलामको पन्युले हिर्काएछन् । यसरी पन्युले हिर्काउँदा शिलाबाट रगत र दूध एकसाथ बग्न थाले छ । यसबाट भयभीत् व्यापारीले देवतासँग क्षमा मागी गन्तव्यतर्फ लागेछन् । बाटोमा टाउकामा घाउ लागेका योगी भेटेपछि ती ढाक्रे व्यापारीले घटनाबारे बेलीबिस्तार लगाउँदा योगीले भनेछन् कि, त्यो शिला भिंद्यः असल देवता हो डराउनु पर्दैन । त्यसपछि योगी अलप भएछन् ।

नभन्दै त्यसपछि तिब्बत पुगेका व्यापारीको व्यापार दिन दुई गुणा, रात चौगुणा बढ्न थाले छ । यसबाट प्रभावित विगु गाउँका श्रेष्ठ वंशजहरूले दसैंमा १२ बोका, भेडा बलिसहितको क्षमापूजा गर्न थालेको हो भन्ने भनाइ प्रख्यात छ । भिंद्यः (असल देवता)लाई पञ्चपाण्डवको भिमसेन भनी अपव्याख्या गर्नेहरू पनि छन् तर कुनै पनि कोणबाट नेपाल भाषामा भिंद्यो भनिने असल कर्म व्यापार व्यवसाय वृद्धि गरिदिने देवता पञ्चपाण्डपको भिमसेन देखिँदैन । अहिले पनि कालो स्लेटजस्तो त्रिभूज सादा ढुंगाको दाहिने भाग चोइटिएको छ भने पञ्चबलि दिँदा मन्दिर पछाडिको चुलकाप्सी (काठको लिंगो)मा देवत्व सारी बिहान १० देखि २ बजे भगवतीका रूपमा, दिउँसो २ बजे महादेव मानेर त साँझ भिंद्यः (असल देवता) पुजिन्छ । त्यसैले असल देवता, भिंद्यो अर्थात् भिमसेन शिलालाई पसिना आउँदा कति बजे कुन ठाउँबाट पसिना आएको हो भन्नेबारे निक्र्योल हुने गरेको पाइन्छ । शिला मूर्तिको दायाँतर्फबाट पसिना आएको हो भने राष्ट्र प्रमुखलाई र बायाँतर्फबाट आएको छ भने जनस्तरमा विपाक लाग्छ भन्ने गरिन्छ । गत शनिबार दोलाखा भिमसेनको दुबैतर्फबाट पसिना आएको थियो भन्नुले यसपालिको विपाक देशव्यापीरूपमा पर्नसक्ने बताइएको छ ।

## भिंद्यो असल देवता कसरी व्यापारको देवता ?

हामीले हरेक नेवार व्यापारीका पसलका भित्तामा नाग, हात्ती, सिंहलाई आफ्नो बाहुपासमा नियन्त्रण गरेर त सार्दुल, घोडालाई हातैले अठ्याएर राखिरहेको एउटा गज्जबको भिमसेनको मूर्ति वा फोटो राखी पुजिएको देख्न सक्दछौं । भिमसेनको अनुहार कलेजी रातो वर्णको जुंगे मुठे झ्वाट्ट हेर्दा हसमुखलाल देख्न सकिन्छ । त्यो फोटोलाई घोत्लिएर हेर्ने हो भने रिसाए रिसाए जस्तो पनि देख्न सकिन्छ । फोटोलाई लियोनार्दो दा भिञ्चीको सिर्जना मोनालिसाको भन्दा कुनै पनि हकमा कम देखिँदैन ।

यस्तो दर्शनयोगले ओतप्रोत चित्रकारिताको सन्देश के हो त भनी बुझ्ने हो भने व्यापारीहरूले व्यापार गर्दै जाँदा हामीले नागजस्तो विषालु ग्राहकको सामना गर्नुपर्ने हुन्छ भने हात्तीजस्तो लसकलसक आउनेदेखि घोडाजस्तो चम्केर आउने जाने ग्राहक पनि । सिंहजस्तो हिंस्रक व्यक्तिहरू पनि व्यापारीको संगतमा पुग्ने गर्दछ तर असल व्यापारीले यस्ता हरेक स्वभावका ग्राहकलाई चित्त बुझाएर कारोबार गर्न सक्नुपर्छ । त्यो हसमुख अनुहार लगाएर होस् वा रिसाएजस्तो व्यवहार देखाएरै किन नहोस् व्यापारलाई सफल बनाउनुपर्छ भन्ने दर्शनको सन्देश प्रवाह भइरहेको हो ।

फोटोको आकाशमा बादलजस्तो क्षेपु छायाँ दिइएको हुन्छ । त्यसको सात्त्विक अर्थ बादल, छायाँ, समय, मृत्यु र ग्राहक पनि कहिले आउँछ, कहिले जान्छ थाहै हुँदैन । तर, संकेतचाहिँ दिन्छ, राम्रो वा नराम्रो के हुँदै छ भन्ने कुराको । देशमा के हुँदै छ भन्ने सन्देश दिन दोलखा भिमसेनको शिला मूर्तिबाट पसिना आउने गरेको दर्शन पनि यहीँबाट सुरु भएको मान्यता पाइन्छ । यसरी व्यापार वृद्धि गरिदिनेदेखि देशमा विपाकको सूचना दिने असल देवता भिंद्यो: भिमसेनको बासस्थान दोलखा काठमाडौंबाट १३२ किलोमिटर उत्तरपूर्वमा पर्दछ ।

## ढुंगैढुंगाको दोलखा

पुराछें, विहारछें, लिस्टटोल, कोटभ्याटछें, दोकोछें, पालचुटी, रोकलुंगा, दुंगल, पिंगल, गुर्कोट नम्छें, वहिरबहाः, श्यामसुन्दर, थाताकोटछेंमा विभक्त दोलखा भिमसेनका अलावा थुप्रै ऐतिहासिक दस्तवेजबाट पनि ओतप्रोत छ । दोलखाको मूल चोकमा स्वयम्भू चैत्य रहेको छ भने नेपालको प्रथम मुद्रा छाप्ने टक्सार रहेको ऐतिहासिक सम्पदास्थल पनि हो दोलखा ।

दोलखालाई दोलखा भिमसेन, काठमाडौं उपत्यकाका नेवार समुदायले बोल्नेभन्दा छुट्टै दोलखाली नेपाल भाषा, दोलखामा मात्र उत्पत्तिको इतिहास बनाएका लोपोन्मुख जनजाति जिरेल, सुरेल र थामी आदिवासी, विश्वकै सर्वाधिक हिम मजदुरको गाउँ वेदिङ र गौरीशंकर हिमाल दोलखाका चिनारी हुन् । पर्यटकहरू यिनै पाँच चिनारीको दर्शन र अध्ययनार्थ पुग्छन् दोलखा ।

अधिकांश घर ढुंगाले बनेको हुँदा तिब्बती भाषामा दो- ढुंगा, ल- मन्दिर र खा- घर नै समास भई दोलखा भनियो । अर्को आख्यान देश रक्षार्थ सहरको चारैतिर ढुंगाको पर्खालले घेरी ढुंगाकै ठूलो ढोका राखिएको बताइन्छ । त्यसैले दोलखाली नेपाल भाषामा द्वाकुलुखा नै दोलखा हुन गएको हो भन्ने गरिन्छ । समुद्रबाट सात हजार १३४ मिटर उचाइको गौरीशंकर हिमालको काख चरिकोट, काठमाडौंबाट १३२ किलोमिटर उत्तरपूर्वमा पर्छ । किराँतकालीन दोलखाबाट ने.सं. ७५२-७६६ मा राजा जयइन्द्रसिंहले रानी विजयालक्ष्मी महादेवीको नाउँमा नेपालको प्रथम सिक्का छाप्ने स्थान ओगटेको छ दोलखा ।

## भिन्द्यो (भिमसेन), पञ्चपाण्डव होइन

भ्रम नपरोस्, व्यापारका देवता भिन्द्यो, पञ्चपाण्डव होइनन् । ने.सं. २६० ताका टोले राजा तुयुथकु जुजुले प्रतिस्थापित काठमाडौं भिमसेनस्थानको ओरालोको मन्दिरको ताम्रपत्रअनुसार ने.सं. ६६० (६८४) को हो । यस स्थानमा भिमसेन मन्दिर स्थापनाका छुट्टै आख्यान प्रचलित छ । आख्यानअनुसार दोलखाकी राजकुमारी र काठमाडौं क्वःनेका राजकुमारबीच विवाह हुँदा सेवकका रूपमा पठाएका कामदार सधैं छाउनी व्यारेकस्थित खेतमा जान्थे । तर, दिनभर सुतेर बस्छ भन्ने कुरा सुनेपछि थकुजुजु स्वयं खेत पुग्दा मस्त निद्रामा भेटे ।

उठाएर गाली गर्दा सेवकले राजालाई आँखा चिम्लिन लगाए, क्षणभरमै खेतमा धान फलिरहेको पाए । आश्चर्यचकित थकुजुजुले यो साधारण होइन भन्ने सम्झी परिचय माग्दा आफू दोलखा भिमसेन हुँ भन्दै छाउनीबाट तीन पाइला टेक्दा जहाँ पुग्छ, त्यहीँ मन्दिर बनाउन आज्ञा दिए । मन्दिरभित्र लायकू भिन्द्यो (दरबारिया असल देवता), क्षेत्रपाल (अर्जुन भनिने), दुरूपति (दूधमात्र खाने देवता) र जस्यां अजि-जस्याँअजिमां कम्मर दुख्दा पुजिने देवतासमेत पाँच मूर्ति थापना गरियो । ने.सं. ७७५ मा राजा प्रताप मल्लले तीनतले मन्दिर बनाए भने १२ वर्ष गुप्तवास राख्दा तिब्बतको ङेचु गुम्बामा काठमाडौंका ज्यापुहरू पुग्नुपर्ने विधान छ ।

## ललितपुरको मंगल भिमसेन

पटन दरवारको पाँच मणिको संयोग मंगलबजारको पहिचानमा मणिकुमारमध्ये भिमसेन पनि एक हो । भिमसेनलाई धेरैले पञ्चपाण्डव ठान्छन्, तर नेपाल भाषामा भिंद्यो भनिने यहाँको भिमसेनलाई राँगा, बोका, हाँस कुखुरा बलि दिने, जाँड रक्सी, माछा-मासु पूजामा नभई नहुने असल देवताको रूपमा लिइन्छ । मन्दिर ने.सं. ८०१ मा राजा श्रीनिवास मल्लले तीनतल्ले काष्ठकलायुक्त बनाएका हुन् ।

एक समय राजा योगनरेन्द्र मल्ललाई पाटन दरबारमा पञ्चपाण्डवकै भिमसेन राख्ने इच्छा जागे छ र मूर्तिकारले जति प्रयास गरे पनि चित्तबुझ्दो मूर्ति बनेन छ । राजाले मुड्की उचालेर जब कलाकार कुट्न खोजे, तब कलाकारले राजालाई भिमसेन र आफूलाई दूशासनको स्वरूपमा पाए । सोही दृश्यलाई मूर्तिमा ढालेर देखाउँदा राजा खुसीले गद्गद् भई ने.सं. ८२१ मंसिर शुक्लषष्ठीका दिन व्यापारी भेला गराई खट्जात्रा गराएको भनाइ पाइन्छ । ढुंगाकै आधार, सिँढी, इँटाको गाह्रो र धातुको छाना तीनतले भिमसेन मन्दिर पाटन मंगलबजारको दरबार छेउ स्थापित रहेको छ । यसका अलावा देशका जुन-जुन स्थानमा नेवार बस्ती छन् कुनै न कुनै रूपमा व्यापार वृद्धि गरिदिने असल देवता भिंद्यो भिमसेन, गणेश र बुद्धको चिवाः चैत्य वा मूर्ति स्थापित भएकै पाइन्छ ।

## मननयोग्य

### चाणक्य नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्दै टुक्रिएर भने' राजा नन्द ।

## पत्र-मञ्जुषा

### जनताको मतको अपमान

भनिन्छ, गरिब भएर जन्मिनु तर गरिब भएर नमर्नु । गरिब भएर मरे पनि उसलाई राष्ट्रले चिन्नुपर्छ । जोकोही व्यक्ति उसले गरेका राम्रा, नराम्रा कामले चिनिने हो । फरक यही छ कि कुनै नेतालाई जनताले असाध्य मन पराउँछन् त कुनै नेताको नाम नै लिन चाहँदैनन् । नेपाली कांग्रेसका नेता स्वर्गीय कृष्णप्रसाद भट्टराईको अहिले पनि जनतामाझ चर्चा हुने गरेको छ ।

उनी पूर्वप्रधानमन्त्री हुन् । प्रधानमन्त्री हुँदा केही नगरेका उनलाई अहिले जनता भट्टराईले प्रधानमन्त्री हुँदा केही नगरेको भनेर गुनासो गर्दै सम्झिन्छन् । वर्तमान सरकारमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् । उनीमाथि झापाको गिरिबन्धु टि स्टेटको सरकारी जग्गा व्यक्तिको नाममा लगिएको आरोप छ ।

यता, कांग्रेस नेतृ तथा सभापति शेरबहादुर देउवाकी पत्नी आरजु रणा परराष्ट्रमन्त्री छिन् । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिकामा पठाएको उनीमाथि गम्भीर आरोप छ । फेरि यिनै व्यक्तिहरू मुलुक चलाउने कुर्सीमा छन् । अहिले जनता भन्छन्, 'आफैं काण्डैकाण्डमा मुछिएकाबाट देशको भलाइ हुन्छ भनेर कसरी सोच्नु ? यो कल्पना पनि गर्न सकिँदैन ।'

ओली नेतृत्वको सरकारमा जनताबाट चुनिएर आएका व्यक्ति मन्त्री छैनन् । आरजु जनताबाट चुनिएर आएकी होइनन् । उनलाई कांग्रेसले समानुपातिक कोटाबाट सांसद र मन्त्री बनाएको हो । यता, यातायातमन्त्री देवेन्द्र दाहाल पनि जननिर्वाचित सांसद होइनन् । उनी ओलीका प्रिय व्यक्ति हुन् । त्यसैले, ओलीले मन्त्री बनाइदिए ।

समानुपातिक कोटाका सांसदले मन्त्री पड्काउँदा २०७९ मंसिर ४ गतेको निर्वाचनमा जनताबाट चुनिएर आएका काग्रेस, एमालेका योग्य व्यक्तिले भने मन्त्री पाएनन् । बूढापाकाले भन्थे- बोल्नेको पिठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन । अहिले राजनीतिक दलहरूमा पनि यस्तै भएको छ । समानुपातिककी आरजु देउवापत्नी भएकै कारण मन्त्री पाइन् । ओलीको नजिकको व्यक्ति हुँदा देवेन्द्रले मन्त्री खाए । तर, जनताले भोट (मत) दिएर जिताएर पठाएका कांग्रेस, एमालेका सांसदहरूले मन्त्री पाएनन् । यसले जनतालाई निराश तुल्याएको छ । किनकि आफूले मतदान नगरेका व्यक्ति मन्त्री बनेका छन् ।

अनि भोट हालेर जिताएर पठाएका सांसदहरू भने सदनमा निदाएर बसेका छन् । आफूहरूले भोट हालेर जिताएका व्यक्ति पनि मन्त्री बन्न नपाउने रहेछ भन्ने जनताका मनमा परेको छ । मानव तस्करीजस्तो गम्भीर आरोप लागेकी आरजु परराष्ट्रमन्त्री बनेकी छन् । सरकारी जग्गा व्यक्तिको नाममा लगेर भ्रष्टाचार गरेको आरोप खेपिरहेका ओली प्रधानमन्त्री बनेका छन् ।

यता, जनताबाट चुनिएरै नआएका देवेन्द्र यातायातमन्त्री बनेका छन् । यसले जनतामा निराशा बढाएको छ । आफूहरूले भोटै नदिए पनि हुने रहेछ भन्ने भाव जनतामा सिर्जना हुन थालेको छ । जनता भ्रष्टाचारीलाई कारबाही चाहन्छन् । चाहे त्यो ओली होस् या आरजु । तर, एमाले र कांग्रेसका सांसदहरू यो विषयमा केही बोल्न सक्दैनन् ।

यहाँ जसले जे गरे पनि भएको छ । 'लुट्न सके लुट कान्छा' भन्ने गीतझैं यसमा मेलसमेत खान्छ । किनकि मानव तस्करी, भ्रष्टाचारजस्तो गम्भीर आरोप लागेका व्यक्तिहरू नै मुलुकको शक्तिशाली पदमा बसेर राज गरिरहेका छन् । आफ्नो पार्टीका नेतृत्वले नराम्रो काम गरिरहँदासमेत विरोध गर्न नसक्नु जनताको भोटको अपमान हो ।

अब कांग्रेस, एमालेका सांसदहरूले पार्टीको नेतृत्व भए पनि गलत कामको विरोध गर्नैपर्छ । फेरि क्षणिकको स्वार्थका कारण जनताको भरोसा नै गुमाउने छन् । कांग्रेस, एमालेबाट चुनाव जितेर आएका सांसदहरू सदनमा मरिचझैं चाउरिएको देखिन्छ । उता, चुनाव नै नजितेका व्यक्तिहरू भने सदनमा मन्त्री बनेर आइरहेका छन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणमै आरोप लागेका एमालेका निलम्बित सांसद टोपबहादुर रायमाझी जेलमा छन् । यही प्रकरणमा गृह मन्त्रालयलगायत विभिन्न सरकारी निकायका धेरै पदाधिकारी जेलमै छन् । यद्यपि, आरजु भने परराष्ट्रमन्त्री भएर सदनमा छिन् । सरकारी, सार्वजनिक जग्गा किर्ते गरी आफ्नो वा अरूको नाममा लगेको आरोपमा अहिले पनि धेरै जनता जेलमा छन् । तर, मन्त्रिपरिषद्मार्फत नै झापाको गिरिबन्धु टि स्टेटको सरकारी जग्गा व्यक्तिको नाममा पास गर्ने निर्णयकर्ता ओली अहिले देशको कार्यकारी प्रमुख छन् ।

हामी सर्वसाधारणलाई गल्ती नै नगरे पनि प्रहरीले पक्रेर लग्छ अनि मुद्दा चलाउँछ । विडम्बना, मानव तस्करी र भ्रष्टाचारजस्तो गम्भीर आरोप लागे पनि उनीहरूलाई प्रहरीले छुन सक्दैन । अहिले कांग्रेस, एमालेभित्र पनि राम्रा नेता तथा सांसद छन् । तर, उनीहरूले अवसर पाउँदैनन् । त्यसैले, अब यसविरुद्ध उनीहरू स्वयं पनि बोल्न सक्दैनन् । बोल्न नसक्नु भनेको नेतृत्वप्रति अन्ध भक्तिभाव प्रकट गर्नु हो । नेतृत्वको अघि लाचार बन्नु हो ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# विद्यार्थी संख्या घटेपछि क्याम्पस नै बन्द हुने स्थितिमा



**ढोरपाटन (बागलुङ)**– झन्डै ३४ वर्ष अगाडि स्थापना भएको बलेवा बहुमुखी क्याम्पसमा विद्यार्थी संख्या घट्दै गएका छन् । कक्षा १२ पासपछि धेरैको रोजाइ विदेश हुँदा क्याम्पसमा विद्यार्थी न्यून बन्दै गएका हुन् ।

हरेक वर्ष विद्यार्थी संख्या घटेपछि क्याम्पसको अस्तित्व नै संकटमा पर्ने जोखिम बढेको छ । बागलुङ नगरपालिका-१३ स्थित बलेवा पैयुँपाटा बहुमुखी क्याम्पसमा वि.सं. २०७० सम्म विद्यार्थीको चाप थियो । दैनिक डेढ सयको हाराहारीमा क्याम्पस आएर पढ्ने विद्यार्थी हुन्थे तर अहिले भर्ना हुने ५० जना पनि छैनन् ।

बागलुङ बजार नजिकै रहेको पैयुँपाटा गाउँमा वि.सं. २०४७ मा क्याम्पस स्थापना हुँदा गाउँका विद्यार्थीले सहजरूपमा उच्च शिक्षा हासिल गर्न पाएका थिए । पछि गाउँलेको बजार मोह र विद्यार्थीको बढ्दो विदेश पलायनका कारण क्याम्पस रित्तो बन्दै गएको हो । दिनप्रति दिन विद्यार्थीको संख्या घट्दै गएपछि क्याम्पस नै बन्द हुने जोखिम बढेको छ ।

क्याम्पसमा विद्यार्थीलाई निःशुल्क पढाउने वातावरण बनाए पनि संख्या बढ्न सकेको छैन । अहिले क्याम्पसमा गाउँका छोरी बुहारी मात्रैले परीक्षा दिने गरेका छन् । पुरुष विद्यार्थी निकै न्यून छन् । क्याम्पस अनुदान आयोगबाट आउने सहयोग र अक्षकोषबाट सञ्चालन भएको बलेवा बहुमुखी क्याम्पसका प्रमुख ज्ञानेन्द्रराज पन्तले बताए ।

हाल क्याम्पसमा एक पूर्णकालीन, नौ आंशिक प्राध्यापक र कर्मचारी कार्यरत रहेको उनको भनाइ छ । अनुदान आयोगबाट वार्षिक ११ लाख ९० हजार रूपैयाँ आउने र क्याम्पसको एक करोड ४५ लाख रूपैयाँ अक्षकोष रहेको हुँदा त्यसबाट क्याम्पस सञ्चालन गरिरहेको पन्त बताउँछन् । क्याम्पसमा दैनिक पढ्ने विद्यार्थी नहुने उनको भनाइ छ । क्याम्पसमा शिक्षा र व्यवस्थापन संकायको पढाइ हुने उनी बताउँछन् ।

'दश वर्षअगाडि सम्म विद्यार्थीको संख्या राम्रै थियो, त्यसपछि हरेक वर्ष घट्दै गएको छ, बागलुङ बजार पनि नजिकै रहेको हुँदा कोही बजार जान्छन्, कोही पोखरा, काठमाडौं गएर पढ्छन्, गाउँमा विद्यार्थीको संख्या निकै कम भएको हुँदा क्याम्पस पनि न्यून बन्दै गएको हो,' क्याम्पस प्रमुख पन्तले भने, 'केही वर्ष अगाडिसम्म विदेश जाने चलन कम थियो, अहिले १२ पास गर्न नपाउँदै विद्यार्थी सबै विदेशको तयारीमा लाग्छन्, त्यसले गर्दा गाउँका क्याम्पसमा विद्यार्थी निकै कम भए ।'

बागलुङ-१३ का अध्यक्ष नारायणप्रसाद शर्मा पौडेलले २०४७ सालमा गाउँका विद्यार्थीलाई सहजरूपमा उच्च शिक्षा दिलाउनका लागि आफूहरूले ठूलो संघर्ष गरेर क्याम्पस स्थापना गरेको तर अहिले बन्द हुने स्थितिमा पुगेको बताए । गाउँमा १२ पास भएर पढाइ छाडेकाहरूलाई पढ्नका लागि प्रोत्साहन गर्दै निःशुल्क पढ्ने वातावरण तय गर्दा पनि विद्यार्थी नबढेको उनको भनाइ छ । *रासस*

# एक वर्षमा ८४ प्रतिशत विवाद सुल्झियो

**देउखुरी (दाङ)**– घोराही उपमहानगरपालिकाको न्यायिक समितिले आर्थिक वर्ष २०८०/८१ मा दर्ता भएका १७२ विवादमध्ये १४५ विवाद फर्स्योट गरेको छ । घोराही उपमहानगरपालिकाको कानुन मामिला शाखाको आयोजनाका दाङको घोराही बुधबार भएको पत्रकार सम्मेलनमा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै उपप्रमुख एवं न्यायिक समिति संयोजक हुमा डिसीले अघिल्लो आर्थिक वर्षको जिम्मेवारी सरी आएका तथा गत आवमा दर्ता भएका विवाद उपर छलफल गराई ८४ प्रतिशत अर्थात् १४५ विवाद मिलापत्र गर्न सफल भएको जानकारी दिइन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ अनुसार देवानी प्रकृतिका मुद्दाउपर न्यायिक इजलासमार्फत न्यायनिरूपण गर्ने क्रममा दफा १ अनुसार ५२ वटा, दफा २ अनुसारका ३६ वटा, अन्य उजुरी तथा निवेदनगरी ५१ वटा र आर्थिक वर्ष २०७९/०८० बाट जिम्मेवारी सरी आएका ३३ वटा विवादगरी १७२ विवादमध्ये १४५ विवाद समाधान भएका हुन् । संयोजक डिसीका अनुसार दफा १ अनुसारका ४६ वटा, दफा २ अनुसारका २८ वटा, अन्य उजुरी तथा निवेदनका ३८ वटा एवं अघिल्लो वर्षको जिम्मेवारी सरी आएको ३८ वटै विवादको मिलापत्र भएका छन् । अब २७ वटा विवाद मिलापत्र गर्न बाँकी रहेको उनले बताइन् ।

न्यायिक समितिमा सबैभन्दा धेरै नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जतअनुसार खान लाउन वा शिक्षादिक्षा नदिइएको ३० वटा, सरकारी सार्वजनिक वा सामुदायिकबाहेक एकाको हकको जग्गा अर्कोले मिची वा घुसाइ खाएको २३ वटा तथा लेनदेन, अंश, ऐलानी जग्गा विवादसमेतका ५१ वटा विवादमा न्यायको माग गर्दै उजुरी परेका थिए । दफा १ अनुसार आलीधुर, बाँध पानीघाटको बाँडफाँटका एक वटा, ज्याला मजदुरी नदिएको एक वटा, अर्काको जग्गा वा सम्पत्तिलाई असर गर्नेगरी रुख बिरुवा लगाएका एक वटा, नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षादीक्षा नदिइएको तीन वटागरी छ वटा विवाद मिलापत्र गर्न बाँकी रहेको छ ।

यसैगरी, दफा २ अनुसार सरकारी सार्वजनिक वा सामुदायिकबाहेक एकाको हकको जग्गा अर्कोले मिची वा घुसाइ खाएको पाँच वटा, सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरूको जग्गामा संरचना बनाएको एक वटा, अर्काको हकभोगमा रहेको जग्गा आवाद भोगचलन गरेको दुई वटा गरी आठवटा विवादको मिलापत्र गर्न बाँकी रहेको छ भने अन्य उजुरीअन्तर्गत लेनदेन, घरायसी अंश, ऐलानी जग्गा विवादका १३ उजुरीको मिलापत्र गर्न बाँकी रहेको छ । घुम्ती न्यायिक शिविरमार्फत पछिल्लो समय न्यायिक समितिले काम गर्दै लगेको हुँदा न्याय निरूपणको काम सहजरूपमा भइरहेको उनले बताइन् । अहिले गाउँ टोलमा पुगेर नागरिकलाई कानुनी साक्षरता प्रदान गर्ने काम भइरहेको उपप्रमुख डिसीले जानकारी दिइन् ।*रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०८१/०४/०३ को निर्णयानुसार यस **कोजु कन्ष्ट्रक्सन प्रा.लि.** कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी कोजु कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (**Koju Construction and Suppliers Pvt.Ltd.**) ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कोजु कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (प्रा.लि.नं.: ९३९१७०६८/६९)**
**धुलिखेल न.पा. ५, काभ्रेपलाञ्चोक**

## माइग्रेशन सर्टिफिकेट हरायो

बागलुङ जिल्ला बडिगाड गाउँपालिका वडा नं. ५ बस्ने कोपिल आचार्यको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट मिति २०८०/१/१ गतेका दिन काठमाण्डौको नयाँ बसपार्कदेखि अनामनगर जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा तपशिलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नाम: कोपील आचार्य**
**ठेगाना: बडिगाड गाउँपालिका वडा नं. ५, बागलुङ**
**मोबाइल न. ९८६०९७०५५०**

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०२/२५ गते निम्न विवरणको Yamaha FZS- FR&RR 149 CC, Navy blue रंगको म. प्र. ०३-०२९ प २७५० नंको मोटरसाइकल, जिल्ला सर्लाही हरिपुर न.पा. २ स्थित लखन्देही खोलाको झुलुङ्गे पुलबाट ३ जना अज्ञात व्यक्तिहरूले खोसेर लगेको हुँदा देख्नुहुने महानुभावले तुरुन्तै मेरो मोवाइल नम्बर वा नजिकैको प्रहरी चौकी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु वा निम्न ठेगाना तथा फोन नम्बरमा सम्पर्क गरी दिनुहोला ।

**धनीको नाम : हिरोहित चौधरी**
**च्यासिस नं.: ME1RG4456N0091757**
**इन्जिन नं. : G3J3E0580981**
**ठेगाना: जिल्ला रौतहट, गुजरा न.पा.९**
**सम्पर्क नम्बर : ९८५५०४१५५३**

## अधिकतम सुद्रा बिक्री मूल्य- MRP प्रकाशनको सूचना

NEON

**यस दिब्य श्री ट्रेड कन्सर्न प्रा.लि.** बाट पैठारी गरिएको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा मूल्य- MRP) निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | मोडल | अधिकतम खुद्रा इकाई मूल्य MRP) |
|---|---|---|---|
| १. | Refrigerator | NE-110CZ | 19,000.00 |

**बिक्रेताको नाम: दिब्य श्री ट्रेड कन्सर्न प्रा.लि. ठेगाना: बुद्धनगर, काठमाडौं**
**फोन नं. ०१-५७०५८९०, Exim Code: 6099773450135 NP**

## लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०४/१०**

यस सा.व.उ.स. बाट संकलित गोलिया काठ ५५.३७ क्युफिट र चिरान काठ ९०.५१ क्युफिट लिलाम बिक्री बिक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरुलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**सालडाँडा सा.वन उपभोक्ता समूह, व्यास- ९, तनहुँ**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Lulu hypermarket central market**
पुर्व स्वीकृति मिति २०८१/04/0८ LT. No. 307907 चलानी नं. ६०२२२६४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packer | 25 | 25 | 110 | ४८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मतिः २०८० साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क ।-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. २३५/०५८/०५९



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**
पुर्व स्वीकृति मिति २०८१/०१/२० पुनः विज्ञापन स्वीकृति मिति २०८१/०४/०९ LT. No. 274949 चलानी नं. ६०१८६८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 90 | 900 | ३२,८२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | EVENT PLANNER | 0 | 20 | 1200 | ४३,७६७ | | | | | | | |
| 3 | follow up clerk | 0 | 20 | 1200 | ४३,७६७ | | | | | | | |
| 4 | Watiter | 0 | 20 | 1000 | ३६,४७२ | | | | | | | |

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST.**
पुर्व स्वीकृति मिति २०८१/०१/२० पुनः विज्ञापन स्वीकृति मिति २०८१/०४/०९ LT. No. 271028 चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 5 | 20 | 1000 | ३६,४७२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 5 | 20 | 900 | ३२,८२५ | | | | | | | |
| 3 | Marketing Specialist | 5 | 30 | 1200 | ४३,७६७ | | | | | | | |
| 4 | EVENT PLANNER | 10 | 40 | 1200 | ४३,७६७ | | | | | | | |
| 5 | FOLLOW UP CLERK | 10 | 40 | 1200 | ४३,७६७ | | | | | | | |
| 6 | MANAGER | 0 | 3 | 3000 | १,०९,४१७ | | | | | | | |

कम्पनी : **ALWALSHIN STAR HOSPITALITY SERVICES**
पुर्व स्वीकृति मिति २०८१/०१/२० पुनः विज्ञापन स्वीकृति मिति २०८१/०४/०९ LT. No. 278288 चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waiter | 20 | 95 | 1000 | ३६,४७२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | cleaner | 20 | 95 | 900 | ३२,८२५ | | | | | | | |
| 3 | MANAGER | 2 | 4 | 3000 | १,०९,४१७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com
SOE श्रम इजाजत नं. ४९७/०६१/०६२



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **THE RARE BURGER**
पूर्व स्वीकृति मिति : २०८०/०९/२२ पून विज्ञापन स्वीकृति मिति: २०८१/04/0९ LT. No. 297681 चलानी नं.६०२१२७८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1700 | ६२,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **THE RARE BURGER**
पूर्व स्वीकृति मिति: २०७९/०५/१५ पून विज्ञापन स्वीकृति मिति: २०८१/04/0९ LT. No. 270455 चलानी नं. ६०१८६५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CASHIER | 2 | 0 | 1300 | ५१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क/-**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd. Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Gulf Mineral Mining Company is a one person company
पूर्व स्वीकृति मिति: २०८१/04/0९ LT No. 307955 चलानी नं. ६०२२२६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1000 | ३५,७११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Plan One Contracting Company is one person
पूर्व स्वीकृति मिति: २०८१/04/0७ LT No. 307830 चलानी नं. ६०२२२६४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 5 | 0 | 1000 | ३५,७११ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | construction agent | 2 | 0 | 1000 | ३५,७११ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Tadawi Medical Company**
पूर्व स्वीकृति मिति: २०८१/१०/१८ पून विज्ञापन स्वीकृति मिति: २०८१/०३/०९ LT. No. 298163 चलानी नं. ६०२१४१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tadawi Medical Company | 1 | 0 | 3000 | १,०७,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौमा साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

IMPERIAL OVERSEAS PVT. LTD.
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530
Fax : +977-1-4485522, Email: imperialovs2009@gmail.com,
imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np
Govt. Lic. No. 816/065/066



## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUNDAYS RESTAURANT COMPANY**
पूर्व स्वीकृति मिति २०८१/०४/०८ LT. No.307911 चलानी नं.६०२२२६०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cofee Maker/Waitress | 0 | 7 | 130 | ५६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **TOP KAPI RESTAURANT COMPANY**
पूर्व स्वीकृति मिति २०८१/०४/०८ LT. No.307912 चलानी नं.६०२२२६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant | 3 | 0 | 130 | ५६,९६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 3 | 0 | 110 | ४८,१९६ | | | | | | | |
| 3 | waiter | 3 | 0 | 130 | ५६,९६० | | | | | | | |

कम्पनी : **ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C**
पूर्व स्वीकृति मिति २०८०/०३/२६ पूर्व स्वीकृति मिति २०८१/०४/०९ LT. No.288953 चलानी नं.६०२०४५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 92 | 0 | 900 | ३२,२४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker/handler | 100 | 0 | 900 | ३२,२४५ | | | | | | | |
| 3 | Packer | 69 | 0 | 900 | ३२,२४५ | | | | | | | |
| 4 | Stevedore | 100 | 0 | 1000 | ३५,८३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
श्रम इजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

# प्रभाव दैनिक


## रूपशाला

### मदन पुरस्कारका लागि छानिए पाँच कृति

मदन पुरस्कार २०८० को लागि पाँच कृतिको छनौट गरिएको छ । मदन पुरस्कार गुठीले 'मदन पुरस्कार २०८०' का लागि भक्त स्याङ्तानको 'डम्फुको आत्मालाप', जीवन क्षेत्रीको नुन-तेल, भावेश भुमरी र प्रणिता चामलिङको भावलिपि, मोहन मैनालीको मुकाम रणमैदान र रोशन थापा 'नीरव' को सन्त्रासका साठी दिन कृतिहरु छनौट गरेको जानकारी दिएको छ । यी मध्ये एकलाई वर्ष २०८० को मदन पुरस्कार अर्पण गरिने मदन पुरस्कार गुठीले जनाएको छ । मदन पुरस्कार छनौटका लागि ३०४ पुस्तकहरु प्राप्त भएको गुठीले जानकारी दिएको छ ।





बिहीबार, १० साउन २०८१ (Thursday, July 25, 2024)


# 'यो मन त मेरो नेपाली हो' को गीत 'मेरो डान्स युनिभर्स'की विजेता खुशीको नृत्य

■ प्रभाव संवाददाता



**काठमाडौं–** ...मेरो डान्स युनिभर्स'की विजेता खुसी कार्कीको नृत्य रहेको फिल्म 'यो मन त मेरो नेपाली हो'को गीत 'तिम्रो आखै रसिलो' सार्वजनिक गरिएको छ । गीतमा दीपक शर्माको शब्द तथा संगीत रहेको गीतमा अस्मिता अधिकारी र सविन सुवेदीको स्वर छ । द भ्वाइस अफ नेपालको स्टुडियो र बालाजु ल्याबमा खिचिएको गीतमा खुसीको अलवा रोशन श्रेष्ठ, आयुषा समाल, नारायण प्रधान, 'डि आइडी'का टप टेन डान्सर नरेशवीर सिंहको अभिनय छ । आयुषा 'मेरो डान्स कप युएसए'की फर्स्ट रनरअप हुन् ।

फिल्म नेपालको झापा, इलाम साथै भारतको सिक्किम, दार्जिलिङ, जयगाउँ पश्चिम बङ्गाल र अमेरिकामा खिचिएको छ । फिल्ममा भारत, मलेसिया, पोल्याण्ड, अस्ट्रिया, बेल्जियम, ट्युनिसिया, जर्मनी, साउथ अफ्रिकालगायतका देशको कलाकारको अभिनय छ । अमेरिका निवासी साहित्यकार मित्र प्रधान (नर)को कथा र निर्देशन रहेको फिल्ममा ज्ञानबहादुर प्रधान 'रोशन'को निर्माण छ । फिल्ममा रोशन श्रेष्ठ, विल्सनविक्रम राई, बुद्धि तामाङ 'हैट', विजय बराल, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन 'मन्त्री', सुबास भण्डारी, विजय सुब्बा, विजिता बर्देवा, देवराज राजवंशीलगायतको अभिनय रहेको छ ।

पद्मा ईश्वर ईन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा मित्र प्रधान (नर) प्रस्तुतकर्ता रहेको फिल्मले विदेशमा रहेका नेपालीको मुद्धालाई उठान गरेको छ । शिवम् अधिकारीको लेखनमा निर्माण भएको फिल्मले विश्वका विभिन्न देशहरूमा बसोबास गर्दै आएका नेपालीहरूले आफ्नो कला, संस्कार, संस्कृति बिर्सँदै गएको हुँदा फिल्मको माध्यमबाट नेपाली भाषा प्रतिको आकर्षण, महत्त्व र इतिहास दर्साउन खोजिएको छ । फिल्ममा दिपक शर्माको संगीत, सौरभ लामाको छायांकन, देव महर्जनको द्वन्द्व, समिर मियाँको भिएफएक्स र कविराज गहतराजको कोरियोग्राफी रहेको छ ।

# नयाँ गीत ल्याउँदै न्यौपाने




■ प्रभाव संवाददाता

**काठमाडौं–** सानै देखि गीतसंगीत निकै सुन्थे । बिस्तरै यतैतिर लगाव भयो । गाउँघरमा हुने साँस्कृतिक कार्यक्रमहरूमा गाउँदा सबैले मन पराउनु हुन्थ्यो र यही क्षेत्रमा केहि गर्न सक्छौ भनेर हौसला दिनुहुन्थ्यो । त्यसैले यही क्षेत्र प्रति आकर्षित भएको बताउने अहिलेका चर्चित गायक दिपकराज न्यौपानेको २०६० सालमा पहिलो एल्वम 'झ्याल खानैमा' सार्वजनिक भएसंगै उनि औपचारिक रूपमा सांगीतिक क्षेत्रमा देखिएका हुन् ।


झ्यालखानैमा एल्वमको झ्यालखानैमा बोलको गीत वरिष्ठ साहित्यकार सरु भक्तले लेखेका हुन् भने संगीतसिर्जना सुनिल थापाले गरेका हुन् । पहिलो एल्वमबाट नै सांगीतिक क्षेत्रमा आफ्नो पहिचान स्थापित गर्न सफल दिपकराज न्यौपाने पहिलो गीतले चर्चा पाएसँगै एकाएक दिपकराजबाट दिपु न्यौपानेको नामबाट चिनिन थाले ।

सांगीतिक संघर्ष कास्की पोखराबाट सुरु गरेको भएपनि गायक न्यौपाने चितवन भरतपुरका स्थानीय वासिन्दा हुन् । एकपछि अर्को गीतमा स्वर भर्न ब्यस्त रहदै आएका न्यौपानेका केही चलेका गीतहरूमा सकिन मैले, जाँदै छु प्रिय, किन छोप्यौं मुहार, भ्यालेन्टाइन लगायत दर्जनौं छन् । चलचित्र 'बोश' र 'सडक' मा पनि उनको स्वर सुन्न सकिन्छ ।

गीत संगीत सुन्नेमात्र नभएर हेर्ने पनि बनेको कारण गीत बनाएरमात्र पुग्दैन म्युजिक भिडियो अनिवार्य रूपमा बनाउनै पर्ने बाध्यताले गर्दा गीतसंगीत क्षेत्र महंगो बन्दै गएको बताउने न्यौपाने हामी जस्ता गीतसंगीतमा झुकाव राख्नेहरूका कारण रेकर्डिङ संस्थाहरूमा गायक गायिकाको भिड लाग्ने गरेको बताउँछन् । मिठो स्वरका कारण गायनमा उनलाई संगीतकारहरूले पहिलो प्राथमिकतामा राख्ने गरेको छ भने चाँडै नै उनका केही गीतहरू सार्वजनिक हुने क्रममा रहेको छ ।

# मण्डलामा नियमित 'मेषी दण्ड'

■ प्रभाव संवाददाता




**काठमाडौं –** सन् २०२४ भित्र १४ नाटक मञ्चन गर्ने योजना बनाएको मण्डला थिएटरमा यतिबेला नाटक 'मेषी दण्ड' मञ्चन भइरहेको छ । गत शुक्रबारदेखि सुरु भएको नाटकको मञ्चन साउन २७ गतेसम्म चल्नेछ । नाटकका निर्देशक अनिल सुब्बा हुन् ।

गीलु रातोस लिखित नाटकमा डेढ शताब्दीअघिको हिमाली जिल्ला सोलुखुम्बुको खालिस राई समुदायले भोगेको कथालाई उतारिएको छ । नाटकमा आदिवासीले भाषाको कारण तत्कालीन राज्यबाट भोग्नुपरेको विभेद उतारिएको छ । नाटकको निर्माता रिजन केसी हुन् । नाटक शनिबार बाहेक अन्य दिन बेलुकी पौने ६ बजे र शनिबार दिउँसो साढे १ बजे अतिरिक्त मञ्चन हुने मण्डलाले जनाएको छ ।

नाटकमा प्रतिना राई, मणि के राई, अरुण पौडेल, जय ढकाल, प्रशंसा गुरुङ, सलिना भुजेल, पूर्ण बहादुर गन्दर्भ, शायोक मुकारुङ, रमिता राई, सौजन लिम्बु, संजीप योगी, अमर बुढाथोकी, रमिता राई, सञ्जय विश्वकर्मा, लहना राई, जंजीत थुलुङ राई, अजय लामा, प्रवीण मगरलगायत कलाकार अभिनयरत छन् । यसअघि मण्डलामा प्रवीण खतिवडा निर्देशित 'अन्धवेग' मञ्चन भएको थियो ।

## रंगशाला

# सीमित स्रोत प्रयोग गर्दै उत्कृष्ट नतिजा निकालौं : मन्त्री थापा



■ प्रभाव संवाददाता

**पोखरा–** गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री विन्दुकुमार थापाले सीमित स्रोत साधनको उच्चतम प्रयोग गर्दै उत्कृष्ट नतिजा निकाल्न आग्रह गरेका छन् ।

प्रदेश खेलकुद परिषद् गण्डकीको बुधबार बसेको बैठकमा मन्त्री थापाले उक्त कुरा व्यक्त गरेका हुन् । परिषद्का अध्यक्षसमेत रहेका मन्त्री थापाले प्रदेशलाई गौरवको प्रदेशको रूपमा स्थापित गर्न खेलकुद महत्वपूर्ण रहेको जनाउँदै भने, सबै क्षेत्रमा बजेट घटेको छ । हामी बजेट घट्यो भनेर चिन्ता गर्नुभन्दा सीमित स्रोत साधनको उच्चतम उपयोग गर्दै त्यसबाट अधिकतम फाइदा लिनु सशक्त रूपमा अघि बढौं ।

बैठकलाई सम्बोधन गर्ने क्रममा उनले प्रदेशको गौरव बढाउने विषयमा प्रदेश सरकार र मन्त्रालय गम्भीर रहेको धारणा अघि सार्दै कुनै पनि विकासका कार्यमा प्रतिकुल असर नपर्ने गरी सहयोग गर्न तयार रहेको बताए । १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गर्न र आवश्यक खेल मैदान मर्मत सम्भारका कार्यहरू गर्नसमेत निर्देशन दिँदै चालु आर्थिक वर्षमा बजेटमा सम्बोधन हुन नसकेका कार्यक्रमहरूलाई समेत मन्त्रालयको तर्फबाट पहल गर्न आफूले सहयोग गर्ने उनले प्रतिबद्धता जनाए ।

सो अवसरमा परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङले १०औं राष्ट्रिय खेलकुदमा नवौंको जस्तै गरी नतिजा ल्याउन परिषद् गम्भीर रूपमा अघि बढ्नु पर्ने सुझाव राख्दै प्रशिक्षण अभियानलाई तीव्रता दिनुपर्ने कुरामा जोड दिए । उनले सबै प्रदेशहरूले आफ्नै रंगशाला निर्माण कार्य अघि बढाइरहेकोले गण्डकी प्रदेशले समेत आफ्नै व्यवस्थित रंगशाला निर्माण कार्यका लागि पहल सुरु गर्नुपर्ने जनाए । उनले भने, 'सबै प्रदेशमा आफ्नै रंगशाला निर्माणका प्रक्रिया अघि बढेका छन् । अब गण्डकी प्रदेशले त्यसको सुरुआत गर्नेछ । दक्ष खेलाडी उत्पादनका लागि समेत रंगशाला निर्माण कार्य महत्वपूर्ण छ ।'

बैठकमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेलले जिल्लाहरूमा रहेका खेलकुद मैदानहरूको निर्माण खेलाडी उत्पादनका लागि महत्त्वपूर्ण रहेको जनाउँदै चालु बजेटले विगतमा जस्तै गरी सम्बोधन गरेको बताए । उपलब्ध बजेटको समुचित प्रयोग गरी खेलकुद विकासका लागि अघि बढ्न आग्रह गर्दै त्यसबाट लाभान्वित हुने विषयलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

बैठकमा परिषद्का सदस्य सचिव श्रीधर शर्माले गत आर्थिक वर्ष सम्पन्न कार्यक्रमहरू र चालु आर्थिक वर्षका बजेट तथा कार्यक्रमहरूका बारेमा जानकारी दिएका थिए । बैठकमा गत वर्ष २०८०/०८१ को प्रगति समीक्षा र चालु आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम र तयारीबारे सँगै १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताको रणनीतिक तयारी थाल्ने गरी छलफल भएको परिषद्का महाशाखा प्रमुख रामप्रसाद आचार्यले जानकारी दिए । बैठकमा परिषद् आर्थिक प्रशासन विभागका अधिकृत नीलकण्ठ ढकालले समेत आफ्ना भनाइ राखेका थिए ।

# जसले छोरीको खेल हेर्न पाएनन्...



**देवल (बझाङ) –** गएको शुक्रबार श्रीलङ्काको रनगिरी डम्बुल्ला इन्टरनेशनल स्टेडियममा एसिया कप महिला क्रिकेट चलिरहेको थियो । नेपाली समयअनुसार दिउँसो २:१५ बजेबाट सुरु खेलमा नेपाल र युएईबीच प्रतिस्पर्धा थियो । खेलमा नेपालका तर्फबाट उत्कृष्ट ब्याटिङ गरिरहनुभएको थियो, बझाङकी सम्झना खड्काले । उनको खेल प्रदर्शनले नेपाली क्रिकेटप्रेमीहरूको मन जितिरहेको थियो ।

तर, जय पृथ्वी नगरपालिका-९ बझाङमा रहेका उनका बुबाआमा भने उक्त खेलबारे अनभिज्ञ थिए । खेल चलिरहँदा बुवा देवेन्द्रबहादुर र आमा कालीदेवी खड्का लेकतिर पणीतोलामा घेराबारको काम गरिरहेका थिए । उनीहरूलाई छोरीले क्रिकेट खेल्छिन् भन्ने मात्रै थाहा थियो । अघिल्लो साँझ भोलि छोरीको खेल छ भन्ने चर्चा भएको थियो ।

तर, भोलि कति बेला खेल्ने, कता हेर्ने टुङ्गो थिएन । बिहानको खाना खाएर बुवा आमा लेकतिर गए । सम्झनाका भाइहरूले जयपृथ्वी नगरपालिकाको हलमा खेल हेर्ने अवसर पाए । 'दिनभर घरमा बसेर केही हुन्न । घरमा छोरीको खेल हेर्नलाई केही माध्यम भएन । त्यसैले हामी लेकतिर गयौं,' सम्झनाका बुवा देवेन्द्रले भने, 'पछि छोरीले राम्रो खेली भनेर फोनमा खबर पाएपछि मोबाइलमा छोरीको खेल हेर्‍यौं ।'

खेल खासै नबुझे पनि राम्रो खेलेको थाहा पाउँदा बुवाआमा खुसीले दङ्ग छन् । छोरीलाई जागिरका लागि दबाब दिइरहेको खड्का परिवार आजभोलि खेल खेलेर नाम कमाएकोमा खुसी छ । 'घरका कसैले त जागिर खानुपर्छ भनेर अनमी पढायौं । पढाइ सकेर जागिर पनि खान थाली । बीचमै जागिर छोडेर खेलतिर लागि । त्यो बेलामा घरमा कसैलाई चित्त बुझेको थिएन । आजभोलि अरुले फलानाका छोरीभन्दा निकै खुसी लाग्छ', बुवा देवेन्द्रले भने ।

पहिलो खेलमा सम्झनाले युएईविरुद्ध नेपाललाई जित दिलाएका थिए । उनले ४५ बलमा ११ चौकासहित ७२ रन बनाइन् । सम्झना खेलको प्लेयर अफ दि म्याचसमेत बनेका थिए । त्यसपछि उनको चर्चा चुलियो । उनलाई नचिन्नेले चिन्ने अवसर पाए । उनलाई जिल्लामै प्रशिक्षण गर्ने सुरेन्द्र सिंह र प्रविन्द धामीको पनि चर्चा भयो ।

किशोरावस्था प्रवेशसँगै क्रिकेट खेल्न थालेकी सम्झनालाई सफलता मिल्दै गएपछि परिवारमा खुसी छाएको उनका दाजु नवीन खड्काले बताए । सम्झनालाई मोजाको बलले बलिङ गराउँदै १३ वर्षअघि सिंह र धामीले क्रिकेट खेल्न सिकाएका थिए । खेलमैदान नहुँदा बन्द विमानस्थलमा उनीहरू खेल अभ्यास गर्थे ।

त्यसै बेलादेखि बझाङमा क्रिकेट खेलको सुरुवात भएको थियो । खेल सिकेको छ महिनामै धामी र सिंहले सम्झनालाई बझाङको महिला टिम कप्तान बनाएका थिए । बिहान स्कुल जाने, स्कुलबाट फर्किएपछि घरायसी काम सकेर क्रिकेट खेल्ने उनीहरूको दैनिकी भएको प्रविन्द धामी सम्झन्छन् । उनले भने, 'सम्झनालाई बझाङ टिमको कप्तान बनाएर जिल्लाबाट धनगढी, महेन्द्रनगर, बैतडीलगायतका ठाउँमा हुने क्षेत्रीय खेलमा सहभागी गराउथ्यौं । पछि उसको खेल सुध्रिँदै गयो र राष्ट्रिय टिमबाटै खेल्ने अवसर मिल्यो ।'

त्यो बेलामा खेलको महत्व कसैले नबुझेको उनको अनुभव छ । 'बहिनीहरू खेल्न जाँदा परिवारकै सदस्यले अवरोध गर्थे,' धामीले भने, 'त्यो बेलामा कुनै दिन हाम्रा खेलाडी अन्तर्राष्ट्रिय रङ्गशालामा सबैको अगाडि देख्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । अहिले आएर हाम्रो सपना पूरा भएको छ । त्यो बेलामा हामीसँग रिसाउनेहरूले अहिले बुझेका छन् ।'

सम्झना राष्ट्रिय टिमबाट खेल्न थालेको दुई वर्ष भयो । यसपटकको एसिया कपको दोस्रो खेल गरी उनले अन्तर ाष्ट्रियस्तरका प्रतियोगिताका १८ खेल खेलिसकिन् । आइतबार भएको खेलमा नेपालले पाकिस्तानसँग लज्जास्पद हार व्यहो-यो । नेपाललाई पाकिस्तानले नौ विकेटले हरायो । नेपालले निकै आशा गरेकी खेलाडी सम्झनाले पाकिस्तानसँगको खेलमा उत्कृष्टता देखाउन सकिनन् । पाँच बल खेलेकी सम्झनालाई पाकिस्तानी कप्तान निदा डारको बलमा नाशरा सन्धुबाट मिडविकेटमा क्याच आउट भइन् । मंगलबार भारतसँग भएको खेलमा नेपाल ८२ रनले पराजित भयो । जितसँगै भारत प्रतियोगिताको सेमिफाइनमा प्रवेश गर्‍यो भने नेपाल हारसँगै प्रतियोगिताबाट बाहिरियो ।

क्रिकेट खेलको चर्चा माझ सम्झनाका आमाबुवाले कुनैपनि खेलको प्रत्यक्ष प्रसारण हेर्न पाएनन् । 'घरको टिभिमा आउँदैन । मोबाइल छैन । अरुले भनेको आधारमा छोरीले खेल जितेको/हारेको थाहा पाउँछौं ।' उनका बुवा देवेन्द्रले भने । छोरीले जुनसुकै ठाउँमा पुगेपनि क्रिकेट खेलबाट गरिरहेको प्रगतिबाट उनको परिवार सन्तुष्ट छन् । *रासस*



इजरायलका प्रधानमन्त्री नेतन्याहूको अमेरिका भ्रमणको एक दिनअघि वासिङ्टनमा रहेको क्यानन हाउस अफिस भवनमा भएको प्रदर्शनमा सहभागी प्रदर्शनकारीहरू । *तस्बिर: एपी*

# स्पेनी प्रधानमन्त्रीले श्रीमतीको भ्रष्टाचार अनुसन्धानका लागि लिखित बयान दिने



**म्याड्रिड–** स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजले आफ्नी पत्नी बेगोना गोमेजको व्यापारिक लेनदेनको प्रारम्भिक भ्रष्टाचार अनुसन्धानमा बयान दिन सहमत भएका छन् । प्रधानमन्त्री साञ्चेजले आफ्नी पत्नीले कुनै गलत काम गरेको आरोप अस्वीकार गर्दै आएका छन् र आफ्नो सरकारलाई कमजोर पार्ने उद्देश्यले बदनाम गर्ने अभियानको एक भागको रूपमा आरोपहरूलाई बारम्बार खण्डन गर्दै आएका छन् ।

गोमेजमाथि भ्रष्टाचारविरोधी गैरसरकारी संस्थाले 'म्यानोस लिम्पियास' नामको अति दक्षिणपन्थी समूहसँग सम्बन्ध रहेको उजुरी दिएपछि गोमेजमाथि 'क्लिन हचान्ड्स' नामक स्पेनी भाषामा प्रभाव जमाएको आरोपमा अनुसन्धान भइरहेको छ । अनुसन्धानको नेतृत्व गरिरहेका न्यायाधीश जुआन कार्लोस पेनाडोले सोमबार समाजवादी प्रधानमन्त्रीलाई 'साक्षी' को रूपमा बयान दिन आह्वान गरेका हुन् । न्यायाधीशले साञ्चेजसँग जुलाई ३० मा बिहान ११ बजे उनको सरकारी निवासमा सोधपुछ गर्ने बताएका छन् ।

'न्यायिक प्रशासनसँग सहयोग गर्न, सधैं स्पेनी संविधानद्वारा स्थापित ढाँचाको कडा अनुपालनमा यो अन्यथा हुन सक्दैन र बयान दिन म इच्छुक छु,' एएफपीले प्राप्त गरेको साञ्चेजले न्यायाधीशलाई पठाएको र अदालतमा दायर गरिएको जवाफमा उल्लेख छ ।

'प्रधानमन्त्रीको हैसियतमा मेरो पदका कारण मेरो बयान लिखितरूपमा दिनुपर्ने छ,' उनले भने, 'स्पेनको कानुनअनुसार नै मेरो भनाइलाई लिखितरूपमा प्रस्तुत गर्नुपर्ने छ ।' साञ्चेजले भने, 'प्रधानमन्त्रीका रूपमा कानुनको सम्मान गर्नु र मैले प्रतिनिधित्व गर्ने संस्थाको उचित कार्यप्रणालीको संरक्षण गर्नु मेरो कर्तव्य हो ।'

विशेषगरी फाउन्डेसन र गैरसरकारी संस्थाहरूका लागि वर्षौंदेखि कोष संकलनका लागि काम गरेकी गोमेजले आफ्नो पतिको पदीय अवस्थाको लाभ उठाई आफ्नो व्यावसायिक सर्कलमा प्रयोग गरेको आरोप लगाइएको छ । उनविरूद्ध विशेषगरी सार्वजनिक कोषको खोजी गरिरहेका व्यवसायी जुआन कार्लोस बाराबेससँग लाभका लागि सहकार्य गरेको आरोप छ ।

म्याड्रिडको कम्प्लुटेन्स युनिभर्सिटीमा गोमेजले सञ्चालन गरेको स्नातकोत्तर तहमा अध्यापन गराइरहेकी बाराबेसले प्रधानमन्त्रीको सरकारी निवास मोनक्लोआमा आफूलाई पटक-पटक भेटेको स्वीकारेकी छन् । सन् २०१८ देखि सत्तामा रहेका साञ्चेज पनि तीमध्ये दुई बैठकमा उपस्थित भएको उनले बताएकी छन् ।

लाखौं युरोको सार्वजनिक टेन्डरका लागि जानुअघि गोमेजबाट सिफारिसको दुई पत्र प्राप्त गरेको अभियोग लागेको छ । उनीहरूले केवल नवीनताको विषयमा मात्र कुरा गरेका पाइएको न्यायिक स्रोतहरूले जनाएका छन् । गोमेजले शुक्रबार एक न्यायाधीशको सोधपुछमा चुप लागेर बस्न पाउने आफ्नो अधिकारका लागि आह्वान गरेकी छन् ।

अप्रिलमा अनुसन्धान सुरु भएको मुद्दाबारे बोल्दै साञ्चेजले स्पेनलाई स्तब्ध पार्दै दक्षिणपन्थीद्वारा राजनीतिक उत्पीडनको अभियानको रूपमा निन्दा गरेकोमा आफूले राजीनामा दिने निर्णयमा पुगेको बताएका थिए । विभिन्न राजनीतिक आरोपको सामना गरिरहेका उनले पाँच दिनपछि सत्तामा रहिरहने निर्णय गरेका थिए । *रासस/एएफपी*

# उत्तर चीनमा भारी वर्षा र बाढीजन्य जोखिमको चेतावनी

**बेइजिङ–** उत्तरी चीनमा भारी वर्षाका कारण बाढी र पहिरो आउन सक्ने चेतावनी अधिकारीले दिएका छन् । चीनले चरम मौसमको गर्मी सहन गरिरहेको छ, पूर्व र दक्षिणमा भारी वर्षा भइरहेको छ भने उत्तरको धेरै भाग लगातार गर्मीको चपेटामा परेको छ ।

बेइजिङमा ३५ डिग्री सेल्सियस (९५ डिग्री फरेनहाइट) भन्दा बढीको चर्को तापक्रमपछि सहरका अधिकारीले बुधबार बाढी रोकथामको दोस्रो उच्च प्रतिक्रिया सुरु गरेका छन् । बुधबारदेखि बिहीबार साँझसम्म २४ घण्टाको अवधिमा करिब दुई करोड २० लाख जनसंख्या रहेको राजधानीका केही भागमा १५० मिलिमिटरसम्म वर्षा हुनसक्ने सहरका अधिकारी विच्याटमार्फत जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

वर्षाका कारण पर्वतीय धार, भूस्खलन र अन्य गौण विपत्ति आउनसक्ने बताइएको छ । सहरका अधिकारीहरूले सुरक्षाको कारण देखाउँदै केही पर्यटकीयस्थलका साथै पर्वतीय तथा नदी किनारका होस्टलहरू अस्थायीरूपमा बन्द गर्न आदेश दिएका छन् । बेइजिङका बासिन्दालाई बाहिरी गतिविधि कम गर्न, पहाडी वा नदी किनारका क्षेत्रहरूबाट टाढा रहन र आश्रय स्थलहरूमा



ध्यान दिन आग्रह गर्दै सन्देशहरू प्राप्त भएका छन् । चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार बेइजिङलाई घेरेको र सात करोडभन्दा बढी मानिसको बसोबास रहेको छिमेकी हेबेई प्रान्तका अधिकारीहरूले पनि बाढीको चेतावनी दिएका छन् ।

चीनको 'स्टेट फ्लड कन्ट्रोल एण्ड ड्राउट रिलिफ हेडक्वाटर'ले भारी वर्षाले प्राकृतिक विपत्ति निम्त्याउने उच्च जोखिम रहेको चेतावनी दिएको छ । पूर्वीझेजियाङ र फुजियान प्रान्तमा बिहीबार ठूलो आँधी आउने अनुमान गरिएको छ । अधिकारीहरूले आँधीका लागि खतराको सूचना जारी गरेका छन् र फुजियानले बिहीबारका लागि सबै रेल सेवाहरू स्थगित गरेको छ । स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गर्दै तटीय क्षेत्रमा चारदेखि छ मिटरसम्म अग्लो छाल देखिनसक्ने जनाएका छन् । गर्मीका कारण स्वशासित ताइवानका अधिकारीहरूलाई विद्यालय बन्द गर्न र आँधीबेहरीको बिदा घोषणा गर्न अधिकारीहरूले सुझाएका छन् ।

यसअघि, उत्तरी र दक्षिणपश्चिम चीनमा आएको बाढीका कारण २० जनाको मृत्यु भएको छ । गत मे महिनामा दक्षिणी चीनको एउटा राजमार्ग केही दिनको वर्षापछि भत्किँदा ४८ जनाको मृत्यु भएको थियो । चीन विश्वकै सबैभन्दा ठूलोमध्येको हरितगृह ग्यास उत्सर्जक देश हो । *रासस/एएफपी*

# जुलाई २२ विश्वकै सबैभन्दा तातो दिनको रूपमा रेकर्ड

पेरिस- युरोप, एसिया र उत्तर अमेरिकाका अधिकांश भूभागमा अत्यधिक तापक्रम बढेपछि युरोपेली संघ (इयू) को जलवायु अनुगमनकर्ताले जुलाई २२ मा लगातार दोस्रो दिन पृथ्वीमा अत्यधिक तातो भएको जनाएको छ ।

कोपर्निकस क्लाइमेट चेञ्ज सर्भिस (सिथ्रिएस)को प्रारम्भिक तथ्यांकअनुसार सोमबार दैनिक औसत तापक्रम १७.१५ डिग्री सेल्सियस पुगेको थियो । यसको एक दिनअघि अर्थात् जुलाई २१ मा ०.०६ डिग्री सेल्सियस कम तातो थियो । यद्यपि, यो एक वर्ष पहिले रेकर्ड भएको सर्वकालिक उच्च तापमानभन्दा सामान्य बढी हो ।

पृथ्वीको तथ्यांक प्रयोग गरेर वास्तविक समयको नजिक विश्वव्यापी वायु र समुद्री तापमान अद्यावधिक गर्ने संस्था कोपर्निकसको आँकडा अस्थायी रहेको र अन्तिम मानहरू धेरै फरक हुनसक्ने बताइएको छ । 'जलवायु विज्ञानले हामीलाई भनेको कुरा यही हो कि यदि विश्वले कोइला, तेल र ग्यास जलाइरह्यो भने तापक्रम वृद्धिले भयावह स्थितिको सिर्जना गर्नसक्छ,' इम्पेरियल कलेज लण्डनका जलवायु वैज्ञानिक जोइस किमुताइले भने ।

सन् २०२३ को जुनदेखि हरेक महिना अघिल्लो वर्षको सोही महिनाको तुलनामा तापक्रम वृद्धि रेकर्ड मापन गरिएको छ, सिथ्रिएसका निर्देशक कार्लो बुओनटेम्पोले मंगलबार यसलाई 'वास्तवमै आश्चर्यजनक' भनेका छन् । जलवायु परिवर्तनले लामो, कडा र अत्यधिक चरम मौसमी घटनाको जोखिम निम्त्याइरहेको छ र यसले यो वर्ष संसारभरका ठूला विपत्तिहरूलाई संकेत गरिएको छ । *रासस/एएफपी*

# 'राष्ट्रिय एकता सम्झौता घोषणा' को स्वागत

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बेइजिङमा १४ वटा प्यालेस्टिनी समूहले हस्ताक्षर गरेको विभाजन अन्त्य र एकता सुदृढीकरणसम्बन्धी घोषणापत्रको स्वागत गरेका छन् ।

गुटेरेसले 'प्यालेस्टिनी समूहले बेइजिङ घोषणापत्रमा हस्ताक्षर गरेको विषयलाई स्वागत गरेको' राष्ट्रसंघका प्रमुख गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले पत्रकारसँगको नियमित भेटका क्रममा प्रश्नहरूको जवाफ दिँदै जानकारी गराएका हुन् ।

सम्झौतालाई प्यालेस्टिनी एकतालाई अगाडि बढाउने महत्त्वपूर्ण कदम भन्दै डुजारिकले महासचिव गुटेरेसले सबै समूहलाई वार्ताको माध्यमबाट मतभेद पार गर्न प्रोत्साहन गर्दै घोषणालाई कार्यान्वयन गर्न आग्रह गरेको बताएका थिए । प्यालेस्टिनी एकताको खोजी गर्दै आएको बताउँदै महासचिव गुटेरेसले प्यालेस्टिनीको सुरक्षा र आत्मनिर्णयका लागि र पूर्णस्वतन्त्र, लोकतान्त्रिक, संलग्नता, महत्त्वपूर्ण भएको जनाएको डुजारिकले जानकारी गराए । यसै सन्दर्भमा गुटेरेसले चीनको कूटनीतिक प्रयासका तथा प्रक्रियालाई सहज बनाउनमा संलग्न अन्य देशको प्रयासको पनि प्रशंसासमेत गरेका छन् । *रासस/सिन्ह्वा*

# ऋणको पुनसंरचनापछि श्रीलंकाको ब्याजदरमा गिरावट

**कोलम्बो–** श्रीलंकाको केन्द्रीय बैंकले बुधबार ब्याजदर कटौती गरेको छ । अन्तर्राष्ट्रिय ऋणदातासँगको ऋण पुनर्संरचनापछि बैंकले पहिलोपटक ब्याजदर कटौती गरेको हो ।

श्रीलंकाको केन्द्रीय बैंकले मुद्रास्फीति अनुकूल वातावरणमा मौद्रिक नीति सहज बनाउनका लागि ऋण तथा निक्षेप दुवै दर २५ आधार अंकले घटाएको जनाएको छ । श्रीलंकाले सामना गरिरहेको विदेशी मुद्रा संकटको चरम अवस्थामा सन् २०२२ सेप्टेम्बरमा ७० प्रतिशतको उच्च मुद्रास्फीतिको तुलनामा जुनसम्ममा मुद्रास्फीति १.७ प्रतिशतमा सीमित भएको छ ।

केन्द्रीय बैंकले कठिन परिस्थितिमा आर्थिक गतिविधिको पुनरुत्थानसहित निरन्तरता दिँदै सहज मौद्रिक अवस्था जारी राख्न ब्याजदर घटाएको विज्ञप्तिमार्फत उल्लेख गरेको छ । बैंकका अनुसार बुधबारको ब्याजदर कटौती मार्चमा ५० आधार बिन्दु कटौतीपछि आएको हो । सन् २०२२ को बाह्य ऋणको पुनर्संरचना गर्ने अन्तिम चरणमा सरकारले यस महिनाको सुरुमा अन्तर्राष्ट्रिय निकायसँग पुनःभुक्तान सम्झौतालाई अन्तिम रूप दिएको थियो ।

गत वर्षको दोस्रो त्रैमासिकदेखि अर्थतन्त्रमा सुधार आएको बैंकले जनाएको छ । यसैगरी वर्षको पहिलो तीन महिनामा ५.४ प्रतिशतले आर्थिक वृद्धि भएको र दोस्रो त्रैमासिकमा बलियो विस्तार भएको जानकारी बैंकले दिएको छ । सन् २०२२ भएको ७.३ प्रतिशतको ब्याजदर वृद्धिको रेकर्डपछि गत वर्ष अर्थतन्त्र २.३ प्रतिशतले संकुचित भएको थियो । महिनौंको विरोध प्रदर्शनले तत्कालीन राष्ट्रपति गोताबाया राजापाक्षलाई राजीनामा दिन बाध्य तुल्याएको थियो । *रासस/एएफपी*


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAR GROUP CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८१/०४/०८ | LT. No: 307935 | चलानी नं.: ६०२२२६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 15 | 10 | 100 | ३५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AYSHA EARLY INTERVENTION CENTER

पूर्व स्वीकृति मिति २०८०/०६/१० पून : विज्ञापन स्वीकृति मिति २०८१/०४/०९ | LT. No: 293076 | चलानी नं.: ६०२०८४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 0 | 2 | 100 | ३५,५८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | WORKER | 0 | 1 | 100 | ३५,५८५ | | | | | | | |

कम्पनी : AYSHA EARLY INTERVENTION CENTER

पूर्व स्वीकृति मिति २०८१/०४/०८ | LT. No: 307936 | चलानी नं.: ६०२२२६२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 0 | 2 | 100 | ३५,५८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | WORKER | 0 | 1 | 100 | ३५,५८५ | | | | | | | |

कम्पनी : GREEN CITY SERVICES W.L.L

पूर्व स्वीकृति मिति २०८०/०७/२४ पून : विज्ञापन स्वीकृति मिति २०८१/०४/०९ | LT. No: 294839 | चलानी नं.: ६०२१००३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 50 | 25 | 100 | ३५,५८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | WORKER | 50 | 25 | 100 | ३५,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १७ गते (1st Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ayaan Consultency Services Pvt.Ltd.

Green Hill Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. 1536/078/79

Purano Baneshwor-9,Bijay Chowk, Kathmandu

Phone: 9818863167, 9749419416 Email:greenhilloverseas5@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४७४०० | प्रति तोला - १४६७०० | प्रति तोला - १८०५ |



**पुड्की च्याउको व्यापार** | कैलालीको धनगढी उपमहानगरपालिका-१ नैनादेवी रोड क्षेत्रमा व्यापारीले बिक्रीका लागि ल्याएको पुड्की च्याउ खरिद गर्दै उपभोक्ता। जंगलमा पाइने पुड्की च्याउ यहाँ प्रतिकिलो रु ३०० देखि रु ३५० सम्ममा बिक्री हुने गरेको छ। *तस्बिर : सुरेन्द्रबहादुर ताम्राकार/रासस*

# अर्थमन्त्री र सिबिफिनबीच दिगो आर्थिक विकासबारे छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) को टोलीले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग भेटघाट गरी समसामयिक विषयहरूमा छलफल गरेको छ।

परिसंघले प्रेस विज्ञप्ति जारी गर्दै अर्थमन्त्री पौडेलसँगको भेटका क्रममा दिगो आर्थिक एवं बैंकिङ विकासका विषयमा छलफल भएको जनाएको छ। लगानी एवम् व्यवसायमैत्री वातावरण बन्न नसक्दा कर्जा विस्तारमा व्यापक संकुचन आएको, वित्तीय संस्थाको खराब कर्जा एवं जोखिमपूर्ण सम्पत्तिमा उल्लेखनीयरूपमा वृद्धि भएको, पूँजीकोषमा दबाब परेको, बैंक तथा वित्तीय संस्थाका विरुद्ध अफवाह फैलाउने र कर्जा नतिर्न गरिएका दुरुत्साहन निरुत्साहित हुन नसकेकोलगायतका विषय सिबिफिनले उठाएको थियो।

प्रस्तावित बैंक तथा वित्तीय संस्थासम्बन्धी विधेयक (बाफिया) का केही नीतिगत प्रावधानहरूले बैंकिङ



लगानीकर्तामा व्यापक नैराश्यता पैदा गराएको र क्रमश: यस क्षेत्रबाट लगानीकर्ता र कर्मचारीसमेत पलायन हुने क्रम बढेकोप्रति सिबिफिनले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराएको छ। समग्र आर्थिक एवं बैंकिङ क्षेत्रमा खस्केको मनोबल र गुमेको आत्मविश्वासलाई उच्च बनाउँदै दिगो आर्थिक एवं बैंकिङ विकासका पहलकदमीहरू अवलम्बन हुने विश्वास सिबिफिनले व्यक्त गरेको छ।

पुँजी निर्माण एवं परिचालन, लगानी विस्तार, रोजगारी सिर्जना, सामाजिक रूपान्तरण र राजस्वमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको बैंकिङ क्षेत्रको मुनाफा ऋणात्मक हुँदै जानु गम्भीर समस्या रहेको सिबिफिनको धारणा थियो। बैंक तथा वित्तीय संस्थाको नाफा खुम्चिँदा लाखौं लगानीकर्ताहरूको जीवन गुजारामा मात्र असर नपुगी स्वयं सरकारको राजस्व लक्ष्यमासमेत गम्भीर असर परेको विषयप्रति संवेदनशील भइदिन अर्थमन्त्री समक्ष सिबिफिनले आग्रह गरेको छ।

छलफलका क्रममा अर्थमन्त्री पौडेलले सिबिफिन टोलीबाट प्राप्त सुझाव ग्रहण गरी सुदृढ एवं आत्मनिर्भर अर्थतन्त्र र समृद्ध राष्ट्र निर्माण गर्ने सरकारको अभियानमा सहकार्यका लागि आग्रह गरे। साथै, सुषुप्त अवस्थामा रहेका मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन र समग्र बैंकिङ क्षेत्रका समस्या एवं चुनौतीको समाधान र अपेक्षाको सम्बोधन गर्न सरकारले आवश्यक पहलकदमी लिने अर्थमन्त्री पौडेलले बताए।

सुशासन, विकास र राजनीतिक स्थायित्व कायम गर्दै अर्थतन्त्र तथा आर्थिक गतिविधिलाई चलायमान बनाउने र आन्तरिक एवं बाह्य लगानीलाई प्रोत्साहन गर्ने सरकारको प्रमुख प्राथमिकता भएको धारणा राख्दै अर्थमन्त्री पौडेलले बैंकिङ क्षेत्रको विश्वास एवं छविमाथि हानी हुने र बैंकिङ गतिविधि सञ्चालनमा असर पुऱ्याउने कुनै गतिविधि सरकारलाई क्षम्य नहुने बताए।

अर्थतन्त्रको आधार स्तम्भकारूपमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको संरक्षण, स्थायित्व र दिगो विकासका लागि मौजुदा तथा प्रस्तावित बाफियाका प्रावधान सरोकारवाला सबैलाई मान्य हुने गरी सुधार गरिने प्रतिवद्धता उनले जनाए।

# 'नाक्चे लाग्ना' नाका दुई साता खुल्ने

**मुगु–** मुगुस्थित नेपाल-चीन सीमामा रहेको नाक्चे लाग्ना नाका दुई साताका लागि खुल्ने भएको छ। कोरोना महामारीका बेला बन्द उक्त नाका यही साउन १७ गते देखि साउन ३१ गतेसम्म खुला रहने छ।

प्रमुख जिल्ला अधिकारी टोपेन्द्र केसीले मुगुको नाक्चे लाग्नासँगै डोल्पाको मायुम्ला नाका दुई साताका लागि खुला गरिने बताए। चीनको हाटबजार ह्यजिमार क्षेत्रमा आउजाउ गर्न प्रवेशाज्ञा उपलब्ध गराउने तयारी भइरहेको उनले बताए। नाका खुला गरिने समयावधिभर नेपालतर्फ सुरक्षा व्यवस्था मिलाइएको प्रजिअ केसीको भनाइ थियो।

नाक्चे लाग्ना नाका भएर स्थानीय बासिन्दा आवश्यक सामग्री खरिद गर्न हाटबजार जाने गरेका छन्। अस्थायी नाका खोल्न र हाटबजार नियमित रूपमा सञ्चालन गर्न नेपालस्थित चिनियाँ दूतावास र परराष्ट्र मन्त्रालयबीच सहमति भएको हो।

मुगम कार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याफ्ने लामाका अनुसार हाटबजारमा काठका सामग्री, जुत्ता, जडीबुटी, सिमेन्ट, जस्तापाता, चामल, छुर्पी, चिया, लत्ताकपडालगायत सामग्री किनबेच हुनेगरेको छ।

नेपालतर्फ सडक सुविधा छैन। स्थानीय र व्यापारीले घोडा, खच्चर र चौरीगाईको सहयोगमा व्यापार गर्ने गर्छन्। मुगुम कार्मारोङ गाउँपालिका-१ का वडाध्यक्ष च्यावा लामा सस्तो दैनिक उपभोग्य वस्तु किनबेच गर्न नाका खुला भएपछि सहज हुने बताउँछन्। सदरमुकाम गमगढीबाट नाग्चे लाग्ना नाकासम्मको ८७ किमि सडक बनाउने कार्य अघि बढेको छ। हालसम्म १७ किमि सडकको ट्र्याक खोल्ने काम सकिएको छ। नाग्चे लाग्ना नाका मुगु र तिब्बतको झोङ्बा काउन्टीस्थित नाइजु जोड्ने नाका हो। *रासस*

# २७ अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** यो सता लगातार उकालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ भने कारोबार रकम उच्च देखिएको छ। नेप्से परिसूचक २७ दशमलव ३२ अंकले घटेर दुई हजार पाँच सय ३६ दशमलव ११ को विन्दुमा कायम भएको हो। तीन सय ११ कम्पनीको चार करोड सात लाख ४७ हजार दुई सय २६ कित्ता शेयर एक लाख ८८ हजार आठ सय ६५ पटक खरिदबिक्री हुँदा रु १६ अर्ब २० करोड ८५ लाख ७७ हजार तीन सय १४ बराबरको कारोबार भएको छ। कारोबारमा वित्त समूह एक दशमलव १६ र होटल तथा पर्यटन समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै व्यापार समूहको उपसूचक तीन दशमलव ०९ प्रतिशतले घटेको छ।


# विज्ञापन दर/रेट सम्बन्धी सूचना !

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**ज्याकेट विज्ञापन रू. १५,00,000/-**

## विज्ञापन दर/रेट

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

## वर्गीकृत डिस्प्ले

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

***नोट** : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन।*

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com


## कर्पोरेट

### ज्योति विकास बैंकको १६औं वार्षिकोत्सव




**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले स्थापनाको १६औं वार्षिकोत्सव सम्पन्न गरेको छ। बैंकको प्रधान कार्यालयमा आयोजित वार्षिकोत्सव समारोहको सभापतित्व बैंकका अध्यक्ष हरि चन्द्र खड्काले गरेका थिए। समारोहमा बैंकका सञ्चालक समितिका सदस्यहरू, भूतपूर्व सञ्चालकहरू, कर्मचारीवर्ग र ग्राहकहरूको भव्य उपस्थिति रहेको थियो। बैंकले वार्षिकोत्सवको अवसर पारेर परिमार्जित, परिष्कृत तथा प्रयोगकर्तामैत्री नयाँ आधिकारिक वेबसाइटको पनि अध्यक्ष खड्काले औपचारिक उद्घाटन गरेका हुन्।

उक्त वेबसाइट प्रकाशन पश्चात् बैंकले प्रदान गरिरहेको सेवा-सुविधाहरूको जानकारीमा सहज पहुँच, अनलाइनबाटै कर्जा आवेदन दिने व्यवस्था, भिडियो बैंकिङ मार्फत अनलाइनबाटै खाता खोल्ने, क्यूआर कोड लगायत विभिन्न बैंकिङ सेवाहरूको लागि अनलाइन निवेदन दिने सुविधा सम्बन्धित सबैलाई उपलब्ध हुने भएको छ।

वार्षिकोत्सवको अवसरमा बैंकले केन्द्रीय कार्यालय परिसरमा रक्तदान कार्यक्रम समेत आयोजना गरेको छ, जसमा कर्मचारी, ग्राहक र अन्य सर्वसाधारण गरि जम्मा ५० जनाले रक्तदान गरेका छन्। कार्यक्रममा बैंकको अभ्युदय र प्रगतिको लागि समर्पित अविछिन्न योगदान, अटुट विश्वास, र तिलस्मी सेवाको कदर स्वरूप विगत १० वर्ष तथा १५ वर्षदेखि अनवरत रूपमा कार्यरत रही योगदान दिएका २७ जना कर्मचारीहरूलाई सम्मानित गरिएको छ। अध्यक्ष खड्का तथा प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले संयुक्त रूपमा कर्मचारीहरूलाई पदक तथा कदर-पत्र प्रदान गरेका थिए। ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ।

### टेलिकमले थप्यो इन्टरनेटका प्याकेज परिवर्तन गर्ने सुविधा



**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले ग्राहक सेवा नम्बर १९८ मार्फत उच्च गतिको फाइबर टु द होम इन्टरनेट सेवाका प्याकेजहरू परिवर्तन गर्न सकिने सुविधा थप गरेको छ। नेपाल टेलिकमको मोबाइल तथा टेलिफोन सेवा प्रयोगकर्ताले १९८ मा डायल गरी फाइबर टु द होम जडान अनुरोध दर्ता गर्नेदेखि आफ्नो आवश्यकता अनुसारका सो सेवाका प्याकेजहरू परिवर्तन समेत गर्न सक्नेछन्।

यसैगरी टेलिकमले सोही ग्राहक सेवा नम्बर १९८ मार्फत आफ्ना टेलिभिजन सेवाका ग्राहकहरूका लागि आफ्नो आवश्यकता अनुसार आलाकार्टा शुल्क प्रणाली बमोजिमका बेसिक तथा प्रिमियम प्याकेज खरिद गर्न सकिने व्यवस्था गरेको छ। ग्राहकले १९८ डायल गरी आलाकार्टा प्रणालीका टेलिभिजन प्याकेजहरू सब्सिक्रिप्सन गर्नका साथै प्याकेज परिवर्तन पनि गर्न प्रवक्ता किशोर कुमार भट्टले जानकारी दिए।


अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन पा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**::arketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ